नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218




वर्ष १ | अंक १८६ | २०८० साल जेठ ०४ गते बिहिबार | Thursday 18, May.2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

## मेरो शरिरको आधा भाग 'नेपाल' हो भने आधा 'भारत' : पूर्वमन्त्री शर्मा

**हरिशंकर शर्मा**
**वीरगंज।**

मधेश प्रदेशका पूर्व खानेपानी तथा उर्जामन्त्री ओमप्रकाश शर्माले नेपालमा भारतीय रु ५ सय एक हजारको नोटमा प्रतिबन्ध गरिनुमा नेपाल - भारत सरकारको समर्थन रहेको बताएका छन् । नेपाल - भारत उद्योग वाणिज्य सघ, वीरगंज च्याप्टरलाई उद्घाटन गर्दै प्रमुख अतिथि पूर्वमन्त्री शर्माले नेपालमा भारतीय नोट प्रतिबन्ध लगाएको कारण पर्यटन क्षेत्र प्रभावित बनेको बताए।

आतँकवादीलाई पैसा पठाउने होस् अथवा हुण्डी कारोबारलाई बढावा दिने कार्यलाई निरुत्सहित गर्न सरकारले भारतीय नोटमा प्रतिबन्ध लगाएको हो, तर यसबाट भारतीय पर्यटकहरु मर्कामा परेको उनको भनाई छ। विगतमा पर्यटकहरुले रु २५ हजारसम्म भारतीय नोट लिएर नेपाल आउन सक्ने प्रवधान रहेकोमा केही वर्षदेखि नेपालमा भारतीय नोट प्रतिबन्ध लगाइनुले पर्यटकहरुको आवागमनमा कमि आएको उनको भनाई छ।

निजी क्षेत्रले गर्न सक्ने काम सरकारले गर्न सक्दैन, उद्योगी व्यवसायीहरुसँग सम्बन्धित जतिपनि संघ संस्थाहरु छन्, एकजुट भए जस्तोसुकै समस्यालाई पनि समाधान गर्न

> अहिले कुनै भारतीय नेतालाई नेपाली नेताले खुट्टा ढोग्दा राष्ट्रियता नै खतरामा पर्ने आवाज उठ्छ', यो भेदभाव किन ? 'भारतमा वि.पि. राजमार्ग नामाकरण हुन सक्छ, तर वीरगंजमा एम.जि. रोड नामाकरण किन हुन सक्दैन' ? दोहोरो मापदण्ड किन ?




सकिने भन्दै पूर्वमन्त्री शर्माले यो भन्दा अघि उद्योगीहरुको समस्या समाधानका लागि भारत सरकार समक्ष ध्यानाकर्षण गराइएको छ, तर निरन्तरता पाउन नसकेको कारण समस्याको दीर्घकालीन समाधान हुन नसकेको बताए । नेपालमा व्यवसायिक, स्वास्थ्य एवं शिक्षा सम्बन्धी धेरै समस्याहरु छन्, यो सबै समस्या भारतमै गएर सुल्भिने भएकोले यस्ता समस्याहरु समाधानको लागि यो संघले महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास लिइएको बताए।

पूर्वमन्त्री शर्माले नेपालको सच्चा मित्र भारत नै रहेको दाबी गरे । भारतसँग नेपालको रोटीबेटीको सम्बन्ध मात्रै छैन्, मेरो शरिरको आधा भाग 'नेपाल' हो भने आधा शरिर 'भारत' हो र यो भन्न आफू कहिलेपनि न हचकचिने बताए । नेपालमा कृष्ण प्रसाद भट्टराई प्रधानमन्त्री हुँदा भारत भ्रमणमा जाँदा एयरपोर्टमा सरद यादव आई भट्टराईको खुट्टा छोएर ढोगेको स्मरण गराउँदै मन्त्री शर्माले भने 'अहिले कुनै भारतीय नेतालाई नेपाली नेताले खुट्टा ढोग्दा राष्ट्रियता नै खतरामा पर्ने आवाज उठ्छ', यो भेदभाव किन ? 'भारतमा वि.पि. राजमार्ग नामाकरण हुन सक्छ, तर वीरगंजमा एम.जि. रोड नामाकरण किन हुन सक्दैन' ? दोहोरो मापदण्ड किन ? भने।

कार्यक्रममा सहभागी सहभागी नेपाल भारत उद्योग वाणिज्य संघका केन्द्रिय अध्यक्ष सृजना राणाले नेपाल भारतबीचको प्राकृत्तिक साझेदार सम्बन्धलाई लगानी, व्यापार, पारवाहन, पर्यटन लगायतका माध्यमबाट थप मजबुत पार्न वीरगंज च्याप्टरले उल्लेखनीय भूमिका निर्वाह गर्ने बताइन् । उनले सन् १९९० को दशकमा नेपाल भारत बीचको वाणिज्य सन्धी तथा पारवाहन सन्धी पछि नेपालमा औद्योगिक लहर आएको स्मरण गराउँदै निर्यातका लागि नेपालको सबैभन्दा नजिक, ठूलो, सजिलो र भरपर्दो बजार पनि छिमेकी मुलुक भारत नै रहेको बताइन्।

उनले भारतका उद्योगी व्यवसायीहरुले अन्य देशमा गरेको भारतीय बाह्य लगानीसँग तुलना गर्दा शुन्य दशमलव शुन्य छ (

*बाँकी पृष्ठ २ मा*

## मुख्यमन्त्रीले विश्वासको मत नलिँदा 'नैतिक संकट'




**मधेशदृष्टि**
**जनकपुरधाम।**

मधेश प्रदेश सरकारबाट नेकपा एमालेले दिएको विश्वासको मत फिर्ता लिएपछि पुनः विश्वासको मत लिनुपर्ने भएको छ।

नेकपा एमालेले सरोजकुमार यादवलाई दिएको समर्थन फिर्ता लिएपछि विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था रहेको छ।

त्यतिबेला नेकपा एमाले, जनता समाजवादी पार्टी नेपाल, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी पार्टी नेपालले लिखितरुपमै समर्थन गरेपछि मुख्यमन्त्रीमा जसपाका सरोजकुमार यादवको नेतृत्वमा मधेश सरकार गठन भएको थियो। मुख्यमन्त्री यादवलाई विश्वासको मत दिने क्रममा नेपाली काँग्रेसले मौखिकरुपमा समर्थन गरेपछि प्रदेशसभा प्रतिपक्षी विहीन बनेको थियो।

राष्ट्रपति निर्वाचनमा सत्तारुढ दललगायत प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले काँग्रेसलाई समर्थन गरेपछि सरकारलाई दिएको समर्थन फिर्ता लिदैँ एमाले बाहिरिएको थियो।

संघीय सरकारमा सत्तारुढ गठबन्धनमा भएको समिकरण फेरबदलको असरबाट मधेश प्रदेशको सरकारपनि अछुतो रहेन।

संघीय सरकारबाट समर्थन फिर्ता लिएको लामो समयपछि मधेश सरकारबाट एमालेले समर्थन फिर्ता लिएको हो।

एमालेले समर्थन फिर्ता लिएपछि जसपाबाट नेतृत्व गर्दै मुख्यमन्त्री रहेका यादवले विश्वासको मत लिनुपर्ने नैतिक संकट रहेको टिप्पणीसमेत हुन थालेको छ।

मंगलबार प्रदेशसभाको बैठकमा पनि मुख्यमन्त्री

*बाँकी पृष्ठ २ मा*

## दुइ ठूला घरानाको चेपुवामा 'डुम' परिवार
### तल्लो जातका भनेर विस्थापित गर्ने षड्यन्त्र गरिदैं

**मधेशदृष्टि**
**जनकपुरधाम।**

मधेशमा दलितमाथि हुदै आएको विभेद अहिले सम्म पनि कम हुन सकिरहेको छैन । आफ्नो शान र रुतवा देखाउनैका लागि कानुन मिचेर गरिबको सम्पती समाप्त गर्ने प्रपञ्च अरु कहि कतै होइन मधेश प्रदेशको राजधानी जनकपुरधाममै भइरहेको देखिएको छ।

जनकपुरधाम उपमहानगरपालिका वडा नं. ६ मा बर्षो देखि फुसको छाप्रो बनाएर जीवन निर्वाह गर्दै आएका एक डुम परिवारलाई उनकै घरका अगल बगलमा रहेका जनकपुरधामका कहलिएका दुइ ठुला घरानाले बाटो फराकिलो बनाउने नाममा आफ्नो महल र जग्गा बचाएर उनको आधा भन्दा बढि जग्गा मिचेर सडक निमार्ण गर्न लगाई पिछडिएका एक डुम परिवारलाई समाजबाटै विस्थापित गर्ने प्रपञ्च गरिरहेको आरोप लागेको छ । जनकपुरधामको प्रसिद्ध जानकी मन्दिरको पछाडीमै रहेको बस्तीमा कुनै समय नगरपालिकाले समाजको रक्षार्थका लागि ८ धुर ३ कनमा जग्गा छुट्याएर बस्न लगाएको थियो। तर त्यहाँ पुस्तौँदेखि फुसको छाप्रो बनाएर दिनेश मलिक डुम बसोबास गर्दै आएका छन् । सामाजिक परम्परा अनुसार हिन्दु धर्मावलम्बीहरुको विभिन्न पर्व, पूजा अर्चना तथा श्राद्धकर्मका लागिसमेत डुम समुदायले बनाएको विभिन्न बांसको समाग्रीले पाप मोक्ष प्राप्तिका लागि प्रयोग गर्ने र समाजको देखभालसमेतको जिम्मा लिने हुनाले डुम समुदायलाई गाउँसमाजमा उनी आफ्नो समुदायका लागि रैथाने राजा नै कहलाउने गर्छन्। जसले गर्दा गाउँसमाजमा विगतमा हरेक समुदायको परम्परागत पेसा अनुसार बसोबास गराइने गरिन्थ्यो भने आफ्नो सीपकला कौशल अनुसार बासले डाला, चंगेलालगायतका विभिन्न सामग्रीहरु बनाएर जीवन निर्वाह गर्दै आएका छन् । समाजमा विगतको तुलना भन्दा अन्य जाती समुदायमा उत्थान भएपनि यस समुदायमा भने उत्थान हुन सकेन । हातका कलासीप र सुंगुर पालन नै डुम समुदायको मुख्य पेसा हो । यस काममा स-परिबारसहित अन्य सदस्य पनि साथ दिने गर्छन्।



आफ्नो कम आम्दानीबाट पनि खुसी साथ जीवन निर्वाह गर्दै आएका डुम परिवारलाई सडक बनाउने नाममा समाजमा भरभलादमी कहलाउनेहरुले छुवाछुतको नाममा विभेदको शिकार बनाएका छन्।

कुनैबेला तत्कालिन जनकपुर नगरपालिकाले टोल, समाज सुरक्षाका लागि जानकी मन्दिरको पछाडी बसोबास गर्न लगाएको थियो।

भने अहिले समाजमा ठुला मान्छे भनाउँदाहरुले गुठीकै जग्गा अतिक्रमण गरी बसोबास गर्दासमेत टुलुटुलु हेरिरहने जनकपुरधाम उपमहानगरपालिकाले कमजोर निरीहका रुपमा आफ्नो कामप्रति लगनशील रहेका डुम समुदायलाई स्थानीय तहबाटै विभेदको शिकार हुनुपरेको छ। सो जग्गाको कुतसमेत तिर्दै आएपनि जनकपुरधाम उपमहानगरपालिकाले भेदभाव गरी धनाढ्यको घर र जग्गा बचाउनका लागि डुमको घर भत्काई उठीबास नै गराउन लागि परेका छन् । अहिले उनीहरुलाई सडकमै पुर्याएपछि आफ्नो घर बचाउन दिनैपिच्छे सम्बन्धित निकाय चहारिरहेका छन् । छिमेकी हंसराज मिठाइ पसलका संचालक हंसराज साह र जनकपुरधाम उमपहानगरपालिकाका पूर्व उपमेयर असरगर अलीले आफ्नो घर र जग्गा बचाउनका लागि पैसा र शक्तिको भरमा जम्मा जम्मी आठ धुर रहेको जग्गामा पाँच धुर जग्गा बाटोमै मिसाईदिएपछि उनलाई उठिबास गर्न लागेका छन् । उनको भएभरको जग्गा र घरपनि समाप्त भएको दिनेश मलिक डुम बताउँछन्।

अहिले उनीहरुलाई सुत्न खान लाउनपनि समस्या भईरहेको छ। घर आँगनमा गाडेको चापाकलपनि बाटोमै गएपछि खानेपानीको समेत समस्या भएको उनले बताए । विगतमा सो बाटो बनाउनकालागि सावीकमा रहेको बाटोको वीचबाट आधा आधा दुबै तर्फबाट लिने उपमहानगरपालिको निर्णय गरेको थियो।

तर स्थानीय जनप्रतिनिधीकै अगाडी पुलीस प्रशासन लगाएर डोजर चलाएर भएभरको घर भत्काएपछि बाहिर नै सुत्नुपरेको गुनासो समेत गरे । उनले न्याय गरिदिनका लागि जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर ६ का वडा अध्यक्षसंग गुहार माग्दा टुलुटुलु हेर्नु बाहेक कुनै सहयोग नगरेको दुःखेसो पोखे । उनले भने, 'पाई पाई जोडेर बर्षौ पहिले जग्गामा घर बनाए र अहिले आएर आफु तल्लो जातमा पनि कमजोर, हेपिएको पिछडिएको गरिब भएकै कारण धनाढ्यहरुले उठीबास गर्न लगाएको प्रपञ्चका अगाडी आफनो घर तोडियो र जग्गा सडकमा मिसाइयो।'

यता जनकपुरधाम उपमहानगपालिका वडा नम्बर ६ का वडा अध्यक्षका दिनेश प्रसाद साहले जग्गा मिचेको कुरा अस्विकार गरे । सावीक देखि नै सो जग्गा गुठीको रहेको तथा त्याहा पहिले शौचालय रहेको र पछि विग्रेर बन्द भएपछि एक दशक देखि उनीहरुले घर बनाएर बस्दै आएको उनले जिकिर गरे । उनले भने,'मलीकको अझै घर बाटोमा परिरहेको थियो, तर मैले नै समाजिकतामा आएर गरिब मान्छेलाई पनि बस्नुपर्ने बाध्यताका साथ बचाई दिएको हो।' दिनेश डुमका हजुर बुवा पुस्ताहरु जनकपुरधाममा घुमिफिरी बसोबास गर्दै आएका थिए । उनको हजुरबुवाहरु अस्थायी बसोबास गर्दै आएपछि तत्कालिन जनकपुर नगरपालिकाका मेयर सुदर्शन लालले जनकपुर नगर टोलको रक्षार्थका लागि बसोबाससहित उनीहरुको जिविकोपार्जनको माध्यम सुंगुर पालन र केही जग्गा कुत तिर्नेगरी उपलब्ध गराइदिएका थिए । त्यसपछि उनीहरु करिब चार पुस्तादेखि जनकपुरधामको जानकीको पछाडी बसोबास गर्दै आएका छन् । तर जनकपुरधाम उपमहानगरपालिकाले नै एक्कासी अबैधढंगले आफ्नो निर्णय उल्ट्याउँदै ठुलठुला महल जोगाउनकै लागि समाजमा अति पिछडिएको मानिने डुम समुदायको घर भत्काउनु समाजमा संस्थागतरुपमै विभेद कायम राख्नु अपराध रहेको अधिवक्त कौशलेन्द्र कर्णले प्रतिक्रिया दिए।




# शान्ति सुरक्षाको प्रत्याभूति दिलाउन सरकारसँग माग




**रासस**
**काठमाडौँ।**
नेकपा (एमाले)ले कोशी प्रदेशमा पार्टीका नेतामाथि आक्रमण भइरहेको घटनाप्रति ध्यानाकर्षण भएको जनाएको छ।
एमाले प्रचार विभागका सचिव गगन विष्टले बुधबार विज्ञप्ति जारी गरी कोशी प्रदेशमा एमाले नेतामाथि आक्रमण गर्नेलाई कारवाही माग गरेका छन्।
उनका अनुसार बुधबार इलामको माङसेबुङ गाउँपालिका आयोजित बैठकमा सहभागी हुने जाने क्रममा एमाले केन्द्रीय सदस्य राम राना चढेको गाडीमा सोही गाउँपालिकको वडा नं ३ घर्तीदोभान नजिककै ढुङ्गामुढा भएको थियो।
प्रचार सचिव विष्टले एमाले कोशी प्रदेश संसदीय दलका उपनेता रानामाथि भएको घटनाको पार्टीले निन्दा र भर्त्सना गर्दै कोशी प्रदेशका विभिन्न जिल्लामा पहिचानका नाममा उच्छृंखल समूहले हिंसात्मक गतिविधि गरिरहेको र खासगरी एमालेका नेतामाथि निशाना बनाइरहेको घटनाले पार्टीलाई गम्भीर बनाएको बताएका छन्।
'संवैधानिक व्यवस्था, ऐन र कानूनी प्रक्रियाबाट प्रदेशसभाले कोशी प्रदेश नामकरण गर्ने निर्णय गरेको र असहमत समूहले विरोधमा कोशी प्रदेशमा हिंसात्मक गतिविधि सञ्चालन गरिरहे पनि सरकारले त्यस्ता गतिविधि नियन्त्रण गर्न ध्यान दिएको छैन', विज्ञप्तिमा भनिएको छ, 'हाम्रो पार्टी घटनामा संलग्नलाई तुरुन्त पक्राउ गरी कानूनी कारबाही गर्न र शान्ति सुरक्षाको प्रत्याभूति दिलाउन सरकारसँग जोडदार माग गर्दछ।'

# जनमुखी बजेटको तयारीमा मधेश सरकार



**मधेशदृष्टि**
**बर्दिबास।**
मधेश प्रदेशका अर्थमन्त्री संजय कुमार यादवले अगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम बजेटमा सबैको स्वामित्व रहने बताएका छन्।
बुधबार अर्थ मन्त्रालयले आयोजना गरिएको कार्यक्रममा अर्थमन्त्री यादवले आर्थिक वर्ष २०८०/०८१ को पूर्व बजेट सम्बन्धी विज्ञ एवम् सरोकारवालाहरुसँग छलफल गर्दै मन्त्री यादवले आर्थिक वर्षको बजेट जनताको चाहना, अपेक्षा अनुसार नै आउने बताए।
उनले जनमुखी तथा जनउत्तरदायित्वका साथ प्रदेश नीति तथा कार्यक्रम तयारी भइरहेको बताउँदै गठबन्धनको सरकार रहेकाले सबैको सरसल्लाह, सुझावलाई समेटेर सन्तुलित, समानुपातिक ढंगले बजेटको तयारी भईरहेको बताए। प्रदेश सरकारको उपस्थिती रहने गरी हरेक स्थानीय तह, प्रदेश, वर्गसमेतलाई समेट्ने गरी नीति तथा कार्यक्रम बजेट ल्याइने प्रतिवद्धता समेत व्यक्त गरे।
उनले नीति तथा कार्यक्रमले प्रदेशको आवश्यकता र औचित्यतासमेत पुष्टि गर्ने भएकाले यसलाई निकै महत्वका साथ हेरिएको बताए। उनले मधेश प्रदेशमा न्यून साक्षर, नाजुक स्वास्थ अवस्था र त्यति नै गरिबी रहेकाले यसलाई ध्यानमा राख्दै नीति तथा कार्यक्रम ल्याउन लागिएको बताए।
उनले संघीयता, समानुपातिक प्रणाली, समावेशीता, धर्मनिरपेक्षतालगायतकालाई प्राथमिकीकरण गरिएको समेत बताए।
उनले कोभिड- १९ र रुस यूक्रेन यूद्धको प्रभावले आर्थिक संकुचित देखिएको बताए।
उनले भने, ' कोभिड-१९ र रुस यूक्रेन यूद्धको प्रभावले आर्थिक संकुचित देखिएकोले यसको असर मुलुकमा पनि परेको छ, जसले गर्दा मधेश प्रदेशमा पनि यसको असर आर्थिकरुपमा देखिएको छ, जसले गर्दा आर्थिक बजेटसमेत कटौती हुने अवस्था रहेको छ।' उनले सार्वजनिक खर्चमा मितव्ययीता, विभिन्न योजना परियोजनालाई प्राथमिकीकरण गरी बजेट विनियोजन गर्नुपर्ने बताए। मधेश प्रदेश सरकारले बजेट विनियोजन गर्नुपर्ने आवश्यकता रहेकाले मधेश प्र्येश सरकारले दिर्घकालिन योजना, मध्यकालिन योजना र वार्षिक योजना ल्याउने तयारी थालिएको समेत बताए।
अर्थमन्त्री यादवले भने, ' मधेश प्रदेश सरकारले बजेट विनियोजन गर्नुपर्ने आवश्यकता रहेकाले मधेश प्र्येश सरकारले दिर्घकालिन योजना, मध्यकालिन योजना र वार्षिक योजना ल्याउने तयारी रहेको छ।'
उनले अघि थप्दैं भने, ' मधेश सरकारसँग सिमित साधन स्रोत र हाम्रा विभिन्न आकांक्षा, महत्वकांक्षाहरु छन्, यसलाई पूरा गर्न हामीसँग सिमित साधन स्रोत रहेकाले हामीले बजेट अनुसार नै नीति तथा कार्यक्रम तय गर्ने गरी बजेट ल्याउनका लागि गम्भिर छौं।' उनले आगामी आर्थिक वर्षको बजेट निर्माणको काम सुरु भइसकेको जनाउँदै सरकारले नीतिगत फड्कोलाई केन्द्रमा राख्दै वास्तविकतामा आधारित बजेट ल्याउने बताए। उनले यसपटक प्रदेश सरकारको बजेट मधेश प्रदेशका जनताले प्रत्येक वडामा देखिने गरी ल्याउने योजना रहेको बताए।
यस कार्यक्रममा सहभागी प्रदेश सासंद र जनप्रतिनिधिहरुले बजेटमा अनावश्यक कुराहरु समेटिनु भन्दा पनि खर्च दर बढाउन सुझाएका छन्। यसका साथै पछिल्लो समयमा भूक्तानीका विषयहरुमा देखिएका विवादलाई तत्काल व्यवस्थितरुपमा साम्य पार्न सुझाव दिए थिए।

# मेरो शरिरको आधा भाग 'नेपाल' हो भने...

०.०६%) मात्रै देखिएकोले नेपालमा भारतबाट वास्तविक लगानी आउन बाँकी नै रहेको भन्दै सन् २००२ पछि व्यापार घाटा निरन्तर बढेर धान्न मुस्किल भएकोले नेपालको औद्योगिक आधारलाई बलियो बनाउन र निर्यात प्रवर्द्धनका लागि नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ तथा नेपाल चेम्बर अफ कमर्ससँग समन्वय गरि सन् १९९६ मा भएको ७ वर्षे वाणिज्य सन्धीलाई नवीकरण गर्नमा सहयोग पुऱ्याउनुपर्ने बताइन्।
वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष अनिल कुमार अग्रवालले नेपाल भारत उद्योग वाणिज्य संघले द्विपक्षीय व्यापार विस्तार, नेपाल भारत बीचको व्यापारका अवरोधकहरुको न्यूनीकरण, पर्यटन प्रवर्द्धन, भारतीय लगानी आकर्षित गर्ने कार्य सह्रानीय रहेको बताए। उनले आजदेखि वीरगंज च्याप्टरको स्थापनाले सिमाञ्चल क्षेत्रको विकास एवं समस्या समाधानमा थप भूमिका खेल्नेमा विश्वस्त रहेको बताए।
वीरगंज उद्योग वाणिज्य संघले यस क्षेत्रको उद्योग, व्यापारको प्रवर्द्धन नेपाल सरकारको सम्बन्धित निकायहरु समक्ष पैरवी गर्दै आएकोमा नेपाल भारत उद्योग वाणिज्य संघको स्थापनाले आपसी सहकार्यलाई अझ प्रगाढ र कसिलो बनाउनेमा आफू विश्वस्त रहेको बताए। उनले नेपाल भारतबीचको व्यापार घाटा प्रतिवर्ष बढ्दै गइरहेकोले च्याप्टरको स्थापनाले यस क्षेत्रमा भित्रिने एवं भारतमा निर्यात हुने वस्तुहरुमा वृद्धि हुने बताए।
कार्यक्रममा सहभागी बरिष्ठ उद्योगपति एवं नेपाल भारत सहयोग मञ्चका अध्यक्ष अशोक वैद्यले नेपाल भारतबीचको सम्बन्ध अझै प्रगाढ बनाउनुपर्ने कुरामा जोड दिए। उनले व्यापार विस्तारको लागि पर्यटन तथा सडक सञ्जाल विस्तारको आवश्यक रहेको बताए। उनले भने 'दिल्लीले आफैलाई भारत सम्झन्छ भने काठमाडौंले आफैलाई नेपाल सम्झन्छ' तर समस्या भने सिमा क्षेत्रमा छ, रक्सौलमा सन् १९६२ मा स्थापना भएको एयरपोर्ट अलपत्र अवस्थामा छ, यसतर्फ पनि भारत सरकारको ध्यानाकर्षण हुन जरुरी रहेको बताए। नेपाल र भारतबीचको सम्बन्ध जति नै बलियो हुन्छ, व्यापार पनि त्यति नै विस्तार हुने भएकोले नेपाल भारतलाई जोड्ने फास्ट ट्र्याक ट्रेनको पनि निर्माण आवश्यक रहेको बताए। यसैगरि कार्यक्रममा सहभागी उद्योगी व्यापारीहरुले खुल्ला सिमानाको कारण नेपाल भारतबीचको व्यापारमा देखिएको समस्या समाधानका लागि यस सँस्थाले उल्लेखनीय भूमिका निर्वाह गर्नुपर्ने कुरामा जोड दिएका थिए। उनीहरुले खुल्ला सिमानामा बस्ने स्थानीयहरु शिक्षा एवं रोजगारीबाट बञ्चित रहेको कारण दिनचर्या विताउन तस्करी गर्ने गरेको र यसबाट राज्यदेखि उद्योगी व्यापारीहरुलाई पनि घाटा हुने गरेकोले त्यसलाई रोक्न दुबै देशले रोजगारीको व्यवस्था गर्नुपर्ने बताए। नेपाल भारत उद्योग वाणिज्य संघका केन्द्रिय अध्यक्ष सृजना राईको सभापतित्वमा आयोजित कार्यक्रममा वीरगंज महानगरका मेयर राजेशमान सिंह, मधेश प्रदेश उद्योग वाणिज्य संघका अध्यक्ष अशोक टेमानी, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रिय सदस्य डा. सुबोध गुप्ता, पर्साका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मी लगायतले आआफ्नो शुभकामना मन्तव्य व्यक्त गरेका थिए। सोही कार्यक्रमम वीरगंज च्याप्टरका अध्यक्ष पदाधिकारीहरुलाई प्रमाण पत्र एवं मायाको चिनो प्रदान गरिएको थियो। नव गठित च्याप्टरको अध्यक्षमा अभिषेक चौधरी, बरिष्ठ उपाध्यक्षमा निरज अग्रवाल, उपाध्यक्षमा अभिषेक पुजारी, सचिवमा आकाश सर्राफ, सह सचिवमा धिरज अग्रवाल, कोषाध्यक्षमा अवधेश कुमार सरावगी, सह-कोषाध्यक्षमा कृष्ण कुमार अग्रवाल रहेका छन् भने सदस्यहरुमा अनिक टिवडेवाल, सौरभ साह, अरविन्द कुमार खेतान, दिपक कुमार अग्रवाल लगायत रहेका छन्।

# कोशीमा प्रदेशः प्रदेशसभा सदस्यलाई ल्यापटप !

**मधेशदृष्टि**
**विराटनगर।**
कोशी प्रदेशमा प्रदेशसभा सदस्यलाई ल्यापटप बाँडिने भएको छ।
प्रदेशसभा सचिवालयले प्रदेशसभा सदस्यहरुलाई ल्यापटप दिने तयारी थालिएको हो। ९३ जना प्रदेशसभा सदस्यलाई वितरण गर्नका लागि प्रदेश सचिवालयले ल्यापटप खरिद प्रक्रिया अघि बढाएको जनाएको छ।
ल्यापटप वितरणका लागि कोशी प्रदेश सरकारले प्रदेशसभा सचिवालयलाई एक करोड ५० लाख रुपैयाँ बजेट विनियोजन गरी दिएको थियो। बजेट नभएको भन्दै कोशी प्रदेश सरकारले कतिपय विकासका योजनामा भुक्तानीसमेत रोकेको छ। तर आर्थिक मामिला मन्त्रालयसमेत सम्हाल्दै आएका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले बजेट रकमान्तर गरेर प्रदेशसभा सदस्यलाई ल्यापटप बाँड्ने कार्यक्रमलाई बजेट भने दिएका छन्।
प्रदेशसभा सचिवालयका सचिव गोपालप्रसाद पराजुलीले प्रदेश सरकारले डेढ करोड रुपैयाँ उपलब्ध गराएपछि ल्यापटप खरिद प्रक्रिया अघि बढाएको जनाएका छन्।
९३ प्रदेशसभा सदस्यीय र ७ संसदीय समितिका सचिवलाई पनि वितरण गर्नका लागि एक सय थान ल्यापटप खरिद गर्ने प्रक्रिया अघि बढाइएको उनले बताए। उनले ल्यापटप दिएपछि प्रदेशसभा सदस्यहरुलाई चलाउनका लागि पनि सिकाउने पराजुलीले बताए। प्रदेशसभा सदस्यहरुले ल्यापटप पाएपछि प्रदेशसभा बैठकको जानकारी, कार्यसूची र विधेयक सम्बन्धी अनलाइन माध्यमबाटै जानकारी गराउने योजना रहेको प्रदेशसभाका सचिव पराजुलीले बताए।
यस बारेमा नेकपा माओवादी केन्द्र संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले विकास निर्माणका आयोजनाका कामको भुक्तानी हुन नसकिरहेको बेला प्रदेश सांसदलाई ल्यापटप वितरण गर्नु गलत भएको टिप्पणी गरेका छन्।
उनले प्रदेशसभा सदस्यले एक महिनाको सुविधाले ल्यापटप खरिद गर्न सक्ने बताउँदै उनले सचिवालयले खरिद गरेर बाँड्नु बेठीक भएको प्रतिक्रिया दिए।
त्यस्तै नेपाली काँग्रेसका प्रदेशसभा सदस्य केदार कार्कीलेसमेत ल्यापटप बाँड्ने योजनाप्रति असन्तुष्टी जनाएका छन्।
संघीयताविरोधी पक्षलाई बल पुग्नेगरी ल्यापटप खरिद गरी अहिलेको समयमा बाँड्नु नीतिगत भ्रष्टाचार रहेको उनको भनाइ थियो।

# मुख्यमन्त्रीले विश्वासको मत नलिँदा...

सरोजकुमार यादवले विश्वासको मत लिनुपर्ने आवाजहरु सरकार पक्षका घटक दलहरुलेसमेत वास्ता गरेनन्। बरु सत्तारुढ दलकै केही प्रदेशसभा सदस्यहरुले मुख्यमन्त्रीको राजिनामा नैतिकताको आधारमा आउनुपर्ने भन्दै भाषणवाजी समेत गर्न भ्याए। मधेश प्रदेशकै ठुला दल रहेको प्रमुख प्रतिपक्षी दल एमालेका संसदीय दलका नेता सरोजकुमार यादवले मधेश सरकार अल्पमतमा परेकाले नैतिकता स्वरुप राजिनामा दिनुपर्ने बताएका छन्।
उनले तत्काल हाउसबाट विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्थालाईसमेत बेवास्ता गर्ने प्रयास गरेकाले नैतिकताको आधारमा राजिनामा दिनुपर्ने बताउँदै ठुलो दलको हैसियतले एमालेले सरकारको नेतृत्व गर्ने दावी गरे। उनले भने, 'हामीले मधेश प्रदेश सरकारलाई दिइएको समर्थन फिर्ता लियौँ, फिर्ता लिएपछि सरकार संकटमा परेको छ, मुख्यमन्त्रीजीलाई विश्वासको मत लिएर अघि बढ्नुपर्छ, होइन भने विकल्प खोज्नुपर्छ।'
त्यस्तै नेपाली काँग्रेसका संसदीय दलका नेता कृष्णकुमार यादवले संवैधानिक व्यवस्था अनुसार मुख्यमन्त्रीले विश्वासको मत लिनुपर्ने आवश्यकता रहेको बताए। उनले काँग्रेसले मौखिकरुपमा मात्रै मधेश सरकारलाई समर्थन दिएको हुनाले मुख्यमन्त्रीले तत्काल विश्वासको मत लिनुपर्ने बताए।
काँग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवले भने, 'काँग्रेसले मौखिकरुपमा मुख्यमन्त्रीमा सरोजकुमार यादवलाई समर्थन गरेको थियो, एमालेले फिर्ता लिएपछि यस सरकारसँग ५१ प्रतिशत बहुमत पनि पुग्दैन, त्यसैले पनि बहुमत पुष्टि गर्नका लागि संवैधानिक व्यवस्था अनुसार सदनबाट विश्वासको मत लिनुपर्छ।'
त्यस्तै जनमत पार्टीका संसदीय दलका नेता एवं शिक्षा, विज्ञान, प्रविधि तथा वाणिज्य मन्त्री महेशप्रसाद यादवले मुख्यमन्त्रीले विश्वासको मत लिनुपर्ने कानूनी व्यवस्था रहेको बताए।
यसका लागि मुख्यमन्त्री स्वयम्ले अग्रसरता लिनुहुन्छ, सहजरुपमै विश्वासको मत पाउनुहुने दावी समेत उनले गरे। उनले भने, 'जनमत पार्टी पनि जसपा नेतृत्वको सरकारमा छ, यस सरकारलाई निरन्तरता दिने पक्षमै रहेकोले मुख्यमन्त्रीजीले सहजैरुपमा विश्वासको पुनः प्राप्त गर्नुहुनेछ।'
त्यस्तै लोकतान्त्रिक समाजवादी पार्टी नेपालका प्रदेशसभा सदस्य जयलुन राइनले सदनमा प्रतिपक्ष संसदको संख्यामा वृद्धि भएको देखिएकाले इमान्दारिता साथ मुख्यमन्त्रीले राजीनामा दिनुपर्ने माँग गरेका छन्। उनले सदनमा सत्ता पक्षका सांसदहरुले समेत मधेश सरकारको कामकारबाहीको आलोचना भएपछि प्रदेशसभा सदस्य राइनले मुख्यमन्त्री सरोजकुमार यादवले राजिनमा दिनुपर्ने बताए।
यता तराई मधेश लोकतान्त्रिक पार्टीका केन्द्रिय नेता उमेश मण्डलले संविधानको रक्षाका लागि पनि मुख्यमन्त्री सरोजकुमार यादवले सरकारमा बसिरहनका लागि विश्वासको मत लिनुपर्ने बताएका छन्। सत्तारुढ दलमै रहेका पार्टीले नै सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि सरकारले नैतिकताको आधारमा र संवैधानिक व्यवस्थालाई ख्याल गर्दै विश्वासको मत लिनैपर्ने बताए। उनले भने, ' संविधानमा उल्लेख भए अनुसार नै सत्तारुढ दलको घटक दल सरकारबाट बाहिरिएमा सरकारमा बस्नका लागि पनि आफ्नो औचित्यता प्रस्ट्याउनलाई विश्वासको मत लिनुपर्छ।' उनले अघि थप्दैं भने, 'विश्वासको मत नलिएको खण्डमा संविधानको खिल्ली उडाउनु हो, संविधानको रक्षा सरकारले गर्नैपर्ने हुन्छ।'
मधेश प्रदेशसभामा नेकपा एमालेका २५, नेपाली काँग्रेस २२, जसपा नेपाल १८, जनमत पार्टी १३, माओवादी केन्द १०, लोसपा नेपाल ९, एकीकृत समाजवादी ७, राष्ट्रिय प्रजातन्त्र पार्टी १, नागरिक उन्मुक्ति पार्टी १, नेपाल संघीय समाजवादी पार्टी १ र एक जना स्वतन्त्र प्रदेशसभा सदस्य छन्। ५ जना स्वतन्त्र प्रदेशसभा सदस्य विभिन्न दलमा प्रवेश गरिसकेका छन्।

# प्रजातन्त्रमाथि खतरा देखियो : प्रथम राष्ट्रपति



**रासस**
**काठमाडौँ।**
प्रथम राष्ट्रपति डा रामवरण यादवले प्रजातान्त्रिक विचारको जग, आदर्श र सैद्धान्तिक आधार बलियो रहेकाले यसको भविष्य सुरक्षित रहेको बताएका छन्। प्रजातान्त्रिक विचार समाजको १२औँ राष्ट्रिय महाधिवेशन तथा २५औँ साधारणसभा उद्घाटन समारोहलाई सम्बोधन गर्दै उनले विगतमा देशमा समस्या आउँदा गाउँगाउँ पुग्ने गरेको कांग्रेस अहिले हराउन थालेकाले प्रजातन्त्रमाथि खतरा देखिएको भनाइ राखे।
गिरिजाप्रसाद कोइराला कांग्रेस सभापति हुँदा ३५ जना केन्द्रीय सदस्य भएर पनि देशभर पुग्ने कांग्रेसका नेता कार्यकर्ता एक सय ५० केन्द्रीय सदस्य भएर पनि जनतामा पुग्न नसकेकैले प्रजातनत्रमाथि खतरा आउने प्रथम राष्ट्रपति यादवको भनाइ थियो। पुरानो प्रजातान्त्रिक दलको निष्क्रियताले प्रजातन्त्रमाथि खतरा आउन सक्ने भएकाले सचेत रहन पनि उनले समाजका सदस्यहरुलाई आह्वान गरे।
प्रजातन्त्र जोगाउन समाजका सदस्यले आलोचनात्मक भएर प्रस्तुत हुनुपर्ने प्रथम राष्ट्रपति यादवको भनाइ थियो।
बिहीबारसम्म राजधानीमा चल्ने समाजको महाधिवेशनमा सात प्रदेश र ७० जिल्लाका प्रतिनिधिको सहभागिता रहेको अध्यक्ष डा केदारनरसिंह केसीले जानकारी दिए। समाजको महाधिवेशनले आगामी कार्यकालका लागि नयाँ कार्य समितिसमेत गठन गर्ने जनाइएको छ।

# भुटानी शरणार्थी प्रकरणमा दोषीलाई कारवाही गर्न माग



**मधेशदृष्टि**
**जनकपुरधाम।**
नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न रहेका दोषीलाई कारवाहीको माग गर्दै अनेरास्ववियु धनुषाद्वारा प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका छन्।
बुधबार नेकपा एकीकृत समाजवादी निकटका अनेरास्ववियू धनुषाले नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न रहेका बहालवाला सचिव र तत्कालीन गृहमन्त्रीलाई गिरफ्तारी गरेर केही आश जगाएपनि विगतमा भएका ठुल्ठुला भ्रष्टाचार काण्डहरू सेलाएको उल्लेख गर्दै तत्काल छानबिन कार्यलाई अघि बढाउन माग गर्दै धनुषा प्रमुख जिल्ला अधिकारी काशीराज दाहाल मार्फत प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई ज्ञापन पत्र बुझाएका
छन्।
प्रधानमन्त्री प्रचण्डलाई बुझाएको ज्ञापनपत्रमा नेपाली नागरिकलाई गैर कानुनी रुपमा भुटानी शरणार्थी बनाएर विदेश पठाउने कार्य मानव वेचविखन जस्ता जघन्य अपराध रहेकाले त्यस्तालाई कानुनी कारवाही गर्न माग भनिएको छ।
अनेरास्ववियू धनुषाका अध्यक्ष शिवचन्द्र झाको नेतृत्वमा धनुषाका प्रमुख जिल्ला अधिकारी दहाल मार्फत प्रधानमन्त्री प्रचण्डलाई ज्ञापन पत्र बुझाएका छन्।

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
अतिथिका रूपमा सम्मान प्राप्त हुन सक्छ। स्वास्थ्यमा ध्यान पुर्याउनुहोला।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
विभिन्न सहयोग र उपहार प्राप्त हुनेछन्। आयआर्जन पनि राम्रै हुनेछ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
साझेदारीमा पनि राम्रो फाइदा हुनेछ। आयआर्जनका स्रोत बढ्नेछन् भने व्यापारमा पनि बढी नै फाइदा हुने समय छ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
शुभचिन्तकहरूको सहयोग जुट्न सक्छ। अरूलाई प्रभावित पारेर काम बनाउने समय छ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
सामाजिक दायित्व बढ्नेछ। भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्ने योग छ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
परिस्थितिको चक्रमा अलमलिनुपर्ला। सामान्य काममा धन र श्रम खर्चनुपर्ला।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
विभिन्न अवसर प्राप्त हुनुका साथै कीर्तिमानी काम गर्ने समय छ। गोपनीयता बाहिरिनाले समस्या पर्नेछ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्याउनुहोला। नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ। शुभचिन्तकहरूको सहयोग जुट्न सक्छ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आम्दानी बढ्नेछ भने परिवारजनका आवश्यकता पूरा हुनेछन्। दिगो फाइदाका लागि लगानी बढाउन सकिनेछ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
गरिएका कामको राम्रै मूल्यांकन हुनेछ। भौतिक साधनसमेत जुट्नाले प्रसन्नता मिल्नेछ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| | ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरतीः | ८:०० बजे |
| भोगराज लाग्ने सयमः | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समयः | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समयः | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयमः | १०:०० बजे |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

# नवनिर्मित भवनमा पूर्व वडाअध्यक्षको नाम शिलालेखमा नदेखेपछि सडकजाम





**मधेशदृष्टि**
**सिरहा।**
सिरहामा पूर्व जनप्रतिधिले शिलालेख तोडफोड गरेको आरोपमा पक्राउ परेपछि स्थानीयले रिहाईको माग गर्दै सडक जाम गरेका छन् ।
जिल्लाको नरहा गाउँपालिका वडा नम्बर २ का पूर्व वडाअध्यक्ष ज्ञानदेव सिंह र श्यामलाल सिंहलाई नरहा गाउँपालिका वडा नम्बर- २ को नवनिर्मिति वडा कार्यालयको शिलालेख तोडफोड गरेको आरोपमा स्थानीय प्रहरीले पक्राउ गरेका हुन् ।
शिलालेख तोडफोड गरेको आरोपमा पक्राउ परेका दुवैजनालाई तत्काल रिहाईको माँग गर्दै स्थानीयले सिरहा स्थित माडर-चोहर्वा भित्रीसडक अन्तर्गत नरहा वडा नम्बर- ३ स्थित पानवारी चोकमा चक्का जाम गरेको थियो । स्थानीयले रिहाईको माग गर्दै गरेको सडक अवरुद्धका कारण सयौंको संख्यामा सवारी साधान अलपत्रमा परेको थियो भने यात्रीहरुलाई सास्ती समेत भोग्नु परेको छ ।  पूर्व वडाअध्यक्ष ज्ञानदेव सिंहकै कार्यकालमा वडा कार्यालय निर्माण भएपनि अर्को निर्वाचित वडा अध्यक्षले सो नवनिर्मित वडा कार्यालय उद्घाटन गरेको थियो ।
पूर्व ज्ञानदेव सिंहले सो भवन निर्माणका लागि दिएको जग्गा दाताको शीलालेखमा नाम र निर्माण आफ्नो कार्यकालमा भएको भन्दै पूर्व वडा अध्यक्षको नाम राख्नुपर्ने बताउँदै आएका थिए । तर शिलालेखमा आफ्नो नाम र जग्गा दाताको नाम नराखिएको विरोधमा स्थानीय दलका प्रतिनिधिहरुले वर्तमान वडा अध्यक्ष सम्झना सिंह समक्ष विरोध गरेका थिए ।
वडाअध्यक्ष सम्झना सिंहको विरोध भएपनि उनले आफुले गल्ती गरेको स्वीकार्दै बेग्लै शिलालेख बनाएर राख्ने भनेपछि स्थानीयवासीहरु आक्रोशित भएका थिए । शिलालेखमा नेकपा एमालेका नेता तथा प्रतिनीधि सभा सदस्य लिल्लानाथ श्रेष्ठ, गाउँपालिका अध्यक्ष रामप्रमोद यादव र वडा अध्यक्ष सम्झना सिंहको नाम उल्लेख भएपछि विवाद उत्पन्न भएको थियो ।
यता सिरहा प्रहरीले पक्राउ परेकाहरुका बारेमा थप अनुसन्धान भईरहेको जनाएका छन् ।

## १७ सुकुम्बासीले पाए लालपूर्जा

# देशको नागरिक बेच्ने देशद्रोही हुन्: चौधरी



**मुकेश कुमार यादब**
**सिरहा।**
प्रतिनिधीसभा सदस्य तेजुलाल चौधरीले आफ्नै देशको नागरिकलाई विदेशी बनाउनु देशद्रोहीको काम रहेको टिप्पणी गरेका छन्।
बुधबार सप्तरीमा भएको एक कार्यक्रममा पूर्वमन्त्री समेत रहेका प्रतिनिधिसभा सदस्य चौधरीले आफ्नै नागरिकलाई बेच्नका लागि भुटानी शरनार्थी बनाएर विदेशी बनाउनेलाई पहिचान गरी हदैसम्म कारवाही गर्नु पर्ने बताए । उनले सरकारकै पदमा बसेर पदीय र राज्यशक्तिको दुरुपयोगको चरम नमूनाको रुपमा नागरिक बेचविखन कार्य गर्ने जोकोहीलाई पनि कारवाही हुनैपर्ने बताए।
उनले भने, ‘आफ्नै देशका नागरिकलाई विदेशी बनाएर बेच्नु देशद्रोही कार्य हो । यस्ता देशद्रोही काममा संलग्न रहेका दोषीलाई पक्राउ गरी हदैसम्मको कारवाही गर्न सरकारसँग माग गर्दछु।’
पूर्वमन्त्री तथा प्रतिनिधिसभा सदस्य चौधरीले अर्को सुकुम्बासीको विषयमा बोल्दै भने, ‘जनप्रतिनिधीले सुकुम्बासीको समस्यालाई केन्द्रविन्दु बनाएर काम गरेमा समयमै सुकुम्बासीहरुले लालपूर्जा पाउने छ।’
सप्तरीको सुरुङ्गा नगरपालिका वडा नम्बर १ का भूमिहीन दलित तथा भूमिहीन सुकुबासीलाई लालपूर्जा वितरण कार्यक्रममा बोल्दै उनले भने, ‘जनप्रतिनीधिको अझै चार वर्ष बाकी रहेकाले यसका लागि काम गर्ने पर्याप्त समय छ; तर राष्ट्रिय भूमि आयोग सीमित समयको लागि गठन भएकाले तत्काल सुकुम्बासीको समस्यालाई समाधान हुन गरी काम सम्पन्न गर्न आग्रह गर्दछु।’
पूर्वमन्त्री समेत रहेका सप्तरी निर्वाचन क्षेत्र नम्वर ४ का प्रतिनिधिभा सदस्य चौधरीले भने, ‘नेपाली नागरिक भएरपनि पुस्तौंदेखि एकटुक्रा जमिन पनि नाममा नभएकाहरुलाई राज्यले जमिनको मालिक बनाउने महान अभियान चलाएकाले यसमा सबैले सहयोग गरौं।’ त्यस्तै नगर प्रमुख गिता चौधरीले एक वर्षभित्र पालिकाभित्र भूमिहिनताको अन्त्य गर्नेगरी काम गरिरहेको बताइन् ।पूर्वमन्त्री चौधरीले मञ्जिता कुमारी लामालाई लालपूजा हस्तान्तरण गरेका थिए । यस कार्यक्रममा १७ जना सुकुम्बासीलाई लालपुर्जा वितरण गरिएको थियो।
लालपूर्जा वितरण कार्यक्रममा सुरुङ्गा नगरपालिका वडा नम्बर १ का वडाअध्यक्ष क्षत्रवहादुर राउत ( राजकुमार)को अध्यक्षतमा सम्पन्न कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत गजेन्द्रनाथ शर्मा, राष्ट्रिय भूमि आयोगका जिल्ला अध्यक्ष हरेराम यादव, जिल्ला समन्वय समितिका अध्यक्ष शिवनारायण साह, पत्रकार महासंघ सिरहाका अध्यक्ष मनोज बनैता, भूमि विज्ञ पञ्चदेव चौधरी, हरुवा चरुवा अधिकार मञ्च सप्तरीका अध्यक्ष देवलाल रामलगायतकाले बोलेका थिए।

# नेपाल बैंक अब आफ्नै भवन निर्माण हुदैं

**सञ्जय मिश्रा**
**रौतहट ।**
रौतहट स्थित नेपाल बैंक लिमिटेड अब आफ्नै भवन निर्माण हुने भएको छ।
रौतहटको चर्चित बजार कटहरियामा नेपाल बैंक लिमिटेड स्थापना भएको ५० औं वर्षमा आफ्नै भवन निर्माण हुने भएको हो ।
२०३० सालमा कटहरिया बजारमा स्थापना भएको यस बैंकले बल्लतल्ल आफ्नो भवन निर्माण गर्न थालेका छन् । ईलाका प्रहरी कार्यालय कटहरीयाको अगाडीमा रहेको बैंकको आफ्नै जग्गामा भवन निर्माण गर्दैछ ।
यस बैंकको आफ्नै नाममा दर्ता रहेको दुई कठ्ठा क्षेत्रफल भएको जग्गामा कूल २ करोड ६४ लाख ६३ हजार ४४० रुपैयाँको लागतमा भवन निर्माणको ठेक्का लागेको बैंकले जनाएको छ ।
टेण्डर प्रक्रिया अनूसार कञ्चन कन्स्ट्र्सन कम्पनीले ठेक्का सम्झौता गरेको नेपाल बैंक लिमिटेड कटहरियाका शाखाका प्रबन्धक आनन्द कुमार यादवले बताए ।
२०८० फागुन १४ भित्रमा भवन निर्माण गरिसक्नुपर्ने प्रबन्धक यादवले बताए ।
२०३० सालमा कटहरियामा स्थापना भएको सो बैंकले ३० वर्षसम्मसेवा प्रदान गर्दै आएको छ ।
तत्कालिन विद्रोही नेकपा माओबादी र नेपाल सरकार बीच सशस्त्र द्वन्दको क्रममा २०६२ सालमा असुरक्षाको कारण देखाउँदै नेपाल बैंक गौरमा स्थानान्तरण गरिएको थियो ।
त्यसपछि मुलुकमा शान्ति स्थापना भएको केही समयपछि कटहरिया शाखाको नामले छुट्टै सेवा सञ्चालन दिन थालेपछि नेपाल बैंक गौर शाखामा मर्ज गरिएको थियो ।
अहिले यस बैंकको कटहरिया शाखामा झण्डै ११ हजार ग्राहक रहेका छन् ।
कटहरिया शाखामा नगद, कर्जा, सुनचाँदी कर्जा, ई- बैंकिङ सेवा, आईपिएस सेवालगायतको सेवा उपलब्ध रहेको प्रबन्धक यादवले बताए ।
स्थापना कालदेखि नै बैंक नाफामा रहदैं आएको समेत उनले बताए ।

# आगलागीमा ६ लाख क्षति



**मधेशदृष्टि**
**बारा ।**
बारामा आगलागीका घटनाहरु बढ्दै गएको छ । जिल्लाको पचरौता नगरपालिका वडा नम्बर १ पिपरपातिमा बुधबार विहान आगलागी हुँदा ५ वटा चौपाया मर्नुका साथै ५ लाख बराबरको क्षति भएको छ । स्थानीय चकोर मियाँको एक तले गोठ घरमा बुधबार विहान करिब ४:१५ बजे आगलागी भएको हो । लामखुट्टे धपाउन बालिएको घुरबाट आगो सल्केर आगलागी भएको प्रहरीले जनाएको छ ।
दमकल, प्रहरी, सशस्त्र प्रहरी र स्थानीयवासीको सहयोगमा आगो नियन्त्रणमा लिइएको छ ।
आगलागीबाट गोठघर जल्नुका साथै एउटा भैसी, पाडी, दुई वटा खसी र एउटा पाठी गरी ५ वटा चौपाया मरेको प्रहरीले जनाएको छ ।
आगलागीबाट ५ लाख बराबरको क्षति भएको पिडित पक्षको भनाईलाई उदृत गर्दै प्रहरीले जनाएको छ । हिजोमात्रै बाराको पचरौता गाउँपालिकामा नै आगलागी हुँदा ३ घर जलेर नष्ट भएको थियो भने कहिदिन अघी मात्रै आदर्श कोतवाल गाउँपालिका वडा नम्बर १ च्युटाहास्थित एक घरमा आगलागी हुँदा एकै परिवारका चार जना जलेर घाईते भएका थिए ।

# शिक्षा र खेलमा अनुशासनको महत्वपूर्ण भुमिका: अध्यक्ष



**मधेशदृष्टि**
**रौतहट।**
रौतहटको दूर्गा भगवती गाउँपालिकामा प्रथम राष्ट्रपति रनिङ प्रतियोगीता सम्पन्न भएको छ।
प्रतियोगीतामा सरस्वती मा.वि. पिपरा भलोहिया- २ की छात्रा निशा कुमारी ठाकुर प्रथम, दोस्रो स्थानमा सरस्वती मा.वि. पिपरा भलोहिया २ की संजू कुमारी दास  र तेस्रो स्थानमा  संस्कृत मा वि मत्सरी-३ की अनमोल कुमारी साह रहेकी छन्।
विजेता खेलाडी छात्राहरुलाई बुधवार गाउँपालिकाका अध्यक्ष शम्भु सिंले एक समारोह वीच पुरस्कारसहित मेडल तथा प्रमाणपत्र बितरण गरेका छन्।
विजेता छात्राहरुलाई दुर्गा भगवतीका गाउँपालिका अध्यक्ष सिंहले छात्राहरुलाई स्वास्थ्य रहन र अनुशासित हुनका लागि खेल र खेलका नियमहरुले सहयोग मिल्ने गरेको बताए । उनले खेल भैँ बाँच्नका लागि पनि नियमहरुको पालना गर्नुपर्ने भएकाले यस तर्फसमेत ध्यान दिनुपर्ने बताए । उनले शिक्षामा पनि छात्राहरुको संख्यामा वृद्धि भएको प्रति ईंगित गर्दै घरका महिला शिक्षित भए समाज नै शिक्षित हुने भएकाले शिक्षाले जिवन र समाजमा सकारात्मक प्रभाव पार्ने भएकाले अध्ययनका लागि छात्राहरुलाई प्रोत्साहन समेत गरेका थिए।
उक्त अवसरमा प्रधानाध्यापक नितेश झा, समाजिक शाखा अधिकृत प्रमोद ठाकुर, शिक्षा शाखा प्रमुख सितेश यादव र शिक्षकहरुको पनि उपस्थिती रहेको पालिकाका ईन्जिनियर सुरज मिश्रले जनाएका छन्।

# गरुडाका मेयर जसवालद्वारा स्वास्थ प्रयोगशाला उदघाटन



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको मध्यभाग रहेको गरुडा नगरपालिकाका मेयर कन्थामनी जयसवालले स्वास्थ प्रयोगशालाको उद्घाटन गरेका छन् ।
बुधबार मेयर जैसवालले एक समारोहका वीचमा गरुडा नगरपालिका वडा नम्बर ४ स्थित गरुडा स्वास्थ प्रयोगशालाको उद्घाटन गरेका हुन् ।
प्रयोगशाला सञ्चालनपछि गरुडा नगरवासीलाई स्वास्थ समस्या भएमा रगत, पिसाब चेकजाँच लगायत विभिन्न प्रकारका जाँचहरु गराउन सहज हुने मेयर जयसवालले बताए ।नागरिकको जनस्वास्थ्य मानवसंग प्रत्यक्ष सरोकार राख्ने भएकाले गरुडा नगरपालिकाले स्वास्थ्य सेवालाई पहिलो प्राथमिकता राखेको मेयर जयसवालको भनाइ थियो ।

# कटहरियाका मेयरद्वारा एकैपटक गरे दुई झोलुङ्गे पुल शिलान्यास



**मधेश दृष्टि**
**रौतहट ।**
कटहरिया नगरपालिकाका मेयर अजय प्रकाश जैसवालले एकैपटक दुई स्थानमा झोलुंगे पुलको शिलन्यास गरेका छन् ।
बुधबार मेयर जैसवालले कटहरिया नगरपालिका वडा नम्बर- ९ स्थित गृहगाउँ दुमारियामा रहेको तरहारी खोलामा एकै दिनमा दुई वटा झोलुङ्गे पुलको शिलान्यास गरेका हुन् ।
मधेश प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयबाट प्राप्त भएको कूल १ करोड २८ लाख रुपैयाँको लागतमा झुलुङ्गे पुल निर्माण हुने भएको छ ।झुलुङ्गे पुल निर्माण उपभोक्ता समिति मार्फत हुने मेयर जयसवालले जानकारी दिए ।पुल निर्माण पछि वर्षातको समयमा पनि दुमारिया- खतवहियाका वासीलाई आवतजावतमा सहज हुने उनको भनाइ छ ।

# महिला नेतृ झाको पहलमा अग्निपीडितको घर निर्माण हुँदै



**मधेशदृष्टि**
**रौतहट ।**
महिला नेतृ अञ्जु झाको पहलमा रौतहटमा अग्नी पीडितले घर पाउने भएपछि हर्सित भएका छन् ।
रौतहटको ईशनाथ नगरपालिकाकी प्रत्यासी नगरप्रमुख, नेपाली काँग्रेस मधेश प्रदेश कमिटी सदस्यसमेत रहेकी नेतृ झाले पाँच जना अग्निपीडितको घर निर्माण गर्ने भएकी छन् ।
नेतृ झाको पहलमा जिल्लाको दक्षिणीभेग अवस्थित ईशनाथ नगरपालिका स्थित अति विपन्न पाँच जना अग्निपीडित परिवारको घर निर्माण हुनलागेको हो । नेतृ झाले देश विदेशमा रहेका मनकारी व्यक्तिसंग सहयोग जटाएर प्राप्त भएको रकमबाट उनीहरूको घर निर्माण गर्न लागेकी छन् । ईशनाथ नगरपालिका वडा नम्बर- ८ का बिगन साह, हरिशंकर साह, हरिश्चन्द्र साह, सुरेश साह र चन्द्रिका साहलगायतका पीडितलाई तीन किस्तामा प्राप्त हुने गरी जनही १ लाख ५० हजार रुपैयाँको दरले सहयोग गरिने नेतृ झाले बताइन् ।
नयाँ घर निर्माण क्रममा ५० हजार रुपैयाँ दरले अग्नी पीडितहरुको बैंक खातामा तीन चरणमा ५० हजार रुपैयाँ पठाइने, त्यसपछि घरमाथि पिलर सहित भित्ता निर्माण गर्ने क्रममा थप ५० हजार रुपैयाँ र छत वा कर्कट राख्ने क्रममा थप ५० हजार रुपैयाँ गरी कूल १ लाख ५० हजार रुपैयाँ पठाइने योजना रहेको नेतृ झाको भनाइ छ।
कुल ७ लाख ५० हजार रुपैयाँ सहयोग गर्न लागिएको महिला नेतृ झाले स्पष्ट पारिन् ।
झन्डै २ महिना अघि भएको आगलागीको घटनामा उनीहरुको घर तथा बन्दोबस्तीका सामग्रीहरु जलेर लाखौंको क्षति भएको थियो । घटना भएको महिनौं बित्दापनि पीडितहरुको घर निर्माण गर्न स्थानीय सरकारदेखि कुनैपनि सरकार तथा मनकारी संघ संस्थाले सक्रियता नदेखाए पछि व्यक्तिगतरूपमा घर निर्माणको पहल थालेको नेतृ झाले बताइन् ।

# भरुवा बन्दुकसहित तीनजना पक्राउ

**मधेशदृष्टि**
**जलेश्वर ।**
महोत्तरीबाट दुईथान भरुवा बन्दुकसहित तीनजनालाई प्रहरीले पक्राउ गरेको छ ।
मंगलबार साँझ वनपथ राष्ट्रिय वन क्षेत्रभित्र शिकार खेल्न गएको बेला तीन जनालाई इलाका प्रहरी कार्यालय बर्दिबासको टोलीले पक्राउ गरेको हो ।
पक्राउ पर्नेहरुमा सर्लाहीको ईश्वरपुर नगरपालिका वडा नम्बर १२ बस्ने ३५ वर्षीय लालबहादुर भोलन, ३० वर्षीय प्रेम बहादुर भोलन र ३८ वर्षीय अमिर स्याङ्तान रहेका छन् ।
लालबहादुर र प्रेम बहादुरको साथबाट भरुवा बन्दुक बरामद गरिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।
महोत्तरी प्रहरीले दिएको जानकारी अनुसार विशेष सूचनाको आधारमा उनीहरु बन्दुक बोकेर सिकार खेलिरहेको जानकारी प्राप्त हुनासाथ प्रहरीको एक टोलीले पछ्याएको थियो । पछ्याउने क्रममा भागाभाग भएको अवस्थामा पक्राउ गरेर उनीहरुमाथि थप अुसन्धान गरिरहेको महोत्तरी प्रहरीले जनाएको छ ।

# महोत्तरीमा गाँजासहित दुई पक्राउ

**मधेशदृष्टि**
**महोत्तरी ।**
जिल्ला प्रहरी कार्यालय महोत्तरीले ८२ किलो गाँजासहित दुईजनालाई पक्राउ गरेको जनाएको छ ।
बुधबार पक्राउ पर्नेमा सर्लाहीको ईश्वरपुर नगरपालिका- १२ का २६ वर्षीय गणेश सार्की र सोही ठाउँका २७ वर्षीय पाण्डव थापा रहेको जनाइएको छ ।
महोत्तरीको गौशाला नगरपालिका स्थित जंगल क्षेत्रबाट ट्र्याक्टरमा बोकेर ल्याउँदै गरेको अवस्थामा दुबैजनालाई पक्राउ गरिएको



महोत्तरी प्रहरीका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक दिलीपकुमार गिरीले जनाएका छन् ।
ना ७ त २०० नम्बरको ट्र्याक्टरमा ८२ किलो लागुऔषध गाँजा बोकेर गौशाला नगरपालिका वडा नम्बर १२ स्थित जंगलमा रेल्वे पुलनजिकको बाँके खोलाको बाटो हुँदै कान्तिबजार आउँदै गर्दा गस्तीमा खटिएको प्रहरी टोलीलाई शंका लागेको आधारमा चेकजाँच गर्ने क्रममा भारी मात्रामा सो परिमाणको गाँजासहित उनीहरुलाई पक्राउ गरेको प्रहरी नायब उपरीक्षक गिरीले बताए ।
लागुऔषधसहित पक्राउ परेका आरोपितहरुलाई आवश्यक कारबाहीका लागि इलाका प्रहरी कार्यालय गौशालामा ल्याएर थप अनुसन्धान भइरहेको महोत्तरी प्रहरीले जनाएको छ ।

## सम्पादकीय

# प्रदेश सभाका परिदृश्यहरू

मधेश प्रदेश सभा बैठक मंगलबार भनिए भन्दा केही समयपछि आरम्भ भयो । प्रदेश सभा बैठकमा सरकारलाई दिइएको समर्थन फिर्ता गरेको २४ घण्टा नपुग्दै नेकपा एमालेले प्रमुख प्रतिपक्षीका रुपमा गजबसँग आफ्नो उपस्थिति जनायो । उसले भन्न भ्यायो, 'प्रदेश सरकार गतिहीन छ, कामबिहीन छ । मुख्यमन्त्रीले राम्रोसँग नेतृत्व दिन सकेका छैनन् ।' जबकि नेकपा एमालेले नै यो सरकार बनाएको हो । एमालेले अरु प्रदेशमा आफ्नो भाग राखेर मधेश सरकार जनता समाजवादी पार्टीलाई दिएको हो । मुख्यमन्त्री पनि एमालेकै चाहनामा जसपाबाट बनेका हुन् । त्यही सरकारका मन्त्रीहरुले छाडेपछि नयाँ सरकार विस्तार भएको छैन । सरकारले गति लिन सकेको छैन । सरकार कस्तो रह्यो, सरकारलाई कर्मचारीले कसरी घुमाएको छ, एमालेका मन्त्रीहरुले नै पत्रकार सम्मेलन गरेर भनेकै थिए । जे होस्, दुई महिनापछि प्रतिपक्षीको कुर्सीमा बस्दा एमालेले निभाउनु पर्ने भूमिकामा भने 'ए प्लस'कै भूमिका निभाएको लुकेन ।

यसो भनिरहँदा मधेश प्रदेश सरकार कस्तो छ भनेर प्रदेश सभा बैठकमा अनेक पहेली आएकै छन् । महिला र पुरुष सांसदमा पनि विभेद देखिएको छ । मन्त्रीहरु कसैको फोन उठाउँदैनन् । कर्मचारी 'पिसी' अर्थात् पर्सनल कमिसनविना कामै गर्दैनन् । मन्त्रीले नै कर्मचारीलाई पिसी बुझाउनु पर्ने प्रणाली विकास भएको छ । मन्त्रीहरुले काम गर्न सकेका छैनन् । विकास निर्माणका बजेटहरु अलपत्र छन् । समस्याको प्राथमिकीकरणका आधारमा बजेट निर्माणमा सरकार कमजोर छ । यस्तै थुप्रै गुनासाहरु प्रदेश सभा बैठकमा माननीयहरुबाटै गुञ्जिएपछि आमजनताले के अपेक्षा गर्ने ? कहाँ जनताले प्रदेश सरकार अनुभूत गर्न पाए होलान् ? लेखाजोखा गर्ने बेला भएको छ । यसको अर्थ प्रदेश खारेज गरौँ भन्ने अर्को समूहका लागि यो विषय फेरि सहयोगी सामग्री वा मरमसला नबनोस् । यो विषय र प्रदेश खारेज गरौँ भन्ने विषयहरु कहीँ कतै छे टुप्पा नमिल्ने पनि जानकारी गराउन चाहन्छौँ । त्यो विषयको बहसमा फेरि अर्को शृंखलाहरुमा मत जाहेर गरौँला । अहिले नै प्रदेश चाहिन्न भन्ने भिडभाडको वैज्ञानिक परीक्षणहरु पनि समयक्रममा हुँदै जानेछ ।

मधेश प्रदेशकै अर्को तथ्य पनि बाहिर आएको छ । त्यही मधेश प्रदेशका शिक्षकहरुले पढाएको जनशक्ति बागमतीका नागरिकको प्रतिव्यक्ति आए २ हजार ४ सय ५५ डलर पुग्दा मधेशका नागरिकको आय ८ सय ७५ डलरको छेउछाउतिर खुम्चिएको पाइएको छ । श्रम र मिहिनेतका हिसाबले हेर्ने हो भने बागमती प्रदेशका भन्दा दोब्बरजसो मिहिनेत मधेश प्रदेशका नागरिकले गरेको देखिन्छ । तर आयमा दुई तिहाइकै हाराहारीमा मधेश कमजोर भइसकेको छ । यी र यस्तै तथ्यहरुमा मधेश प्रदेश सरकार हेर्ने हो । उसले ल्याएको नीति तथा कार्यक्रमहरुले अरु प्रदेशसँग प्रतिस्पर्धा गर्न सक्छ कि सक्दैन भनेर खोजखाज गर्ने हो । तर हाम्रा माननीयहरु प्रतिपक्षी हुनुको धर्मभन्दा माथि जान सकिरहेका छैनन् । एउटा कर्मचारीलाई काम लगाउन सकिनँ भनिरहेका छन् । मन्त्रीले फोन उठाएन भनेर गुनासो गरिरहेका छन् । जसलाई मधेश बनाउने जिम्मा दिइएको छ, उसैले गुनासोको पुलिन्दा कतिखेर प्रदेश सभा बैठक बस्ला र पोखौँला भनेर कुरेर बसेपछि उनीहरुसँग जनताको मुद्दा कहाँ हुन्छ र ?

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ । मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ । लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ । हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# आगोको भुङ्ग्रोमाथिको अनौठो नाच

*"अकालमा मृत्यु भएकाको उद्धार नगरी पिशाचको रूपमा रहँदा त्यो कुल वंशभित्रका परिवारलाई दुःख कष्ट दिने, घरमा बिरामी नछुट्ने, अकल्पनीय दुर्घटनाहरू हुने, पशु चौपायाहरू बिरामी नै नभई अचानक मर्नेलगायतका घटना हुन्छन्, अकालमा मृत्यु भएकाको वायु उतारेर त्यही कुलवंशका व्यक्तिको शरीरमा धारण गरेपछि वायुदेवका रूपमा स्थान पाउने भड्किएको आत्माले मुक्ति पाउने विश्वास रहेको छ । अकालमा मृत्यु भएकाहरू सबै वायुदेवका रूपमा कुलदेवतासँगै राखेर पूजा गर्ने भएपछि कुलवंशमा राम्रो भएर आउने पूर्ण विश्वास रहेको छ ।"*





● रमेश गिरी

मध्यराति आँगनमा बजेको बाजाको आवाज पल्लो गाउँसम्म सुनिन्थ्यो । मध्यरातिसम्म पनि बजेको बाजा सुनेर आफ्नो गाउँको मात्र होइन, वल्लोपल्लो गाउँका मानिसहरूसमेत आगोको भुङ्ग्रोमाथि नाच हेर्न साँझ ढल्किएदेखि नै भेला भएका थिए ।

साँझ ढल्किँदै गयो । मानिसहरूको चहलपहल बढ्दै गयो । आँगनमा बाजा बज्दै थियो । बाजाको आवाज सुनेर रातको पर्वाह नगरी वारिदेखि पारि गाउँसम्मका महिला, पुरुष, बालबालिकाको भीड बढ्दै थियो । चाँगुनारायण नगरपालिका-९ ताथली सौडोलको बस्नेत-गिरी बस्तीका पहलमान बस्नेतको घर पछाडिको बारीको पाटामा वरिपरि बाँसले घेरेर बीचमा राखिएको एक सय आठ भारी दाउराको थुप्रामा तान्त्रिक विधिले पूजा गरी बालेको आगोको राप दन्किँदै थियो । केही व्यक्तिहरू बाँसले ठोस्दै दनदनी आगो बालिरहेका थिए । राति ९ बजेदेखि तीनवटा रूखबाट काटिएको दाउरा दनदनी बल्दै थियो ।

दुई घन्टाभन्दा बढी समय बलेको दाउरा सबै आगोका भुङ्ग्रोमा परिणत भयो । मध्यराति करिब ११ बजे यो बस्तीसँगै वरिपरिबाट भेला भएका मानिस बारीको डिल र वरिपरि बसेर निकै कौतुहलताका साथ 'अग्निकुण्ड'तर्फ हेर्दै अब के हुन्छ, आगोको सबै भुङ्ग्रो माथि उफ्रेर सबै आगोको गोल निभाउँछन् कि निभाउँदैनन् भनेर हेर्दै थिए ।

आगोको भुङ्ग्रो नजिकै गुरु रुदबहादुर खड्काले तान्त्रिक विधिअनुसार पूजा गरेपछि कुल देवताका नाममा बोकाको बलि दिइयो । त्यसपछि पहलमानको मूल घरमा भित्रिएका सेतो गन्जी र धोती लगाएका पुरुषहरूले पूजा गरेर बत्ती खाएसँगै शरीर कमाउँदै स्नान गरेर फर्किएसँगै काम्दै उफ्रँदै थुपारिएको आगोको भुङ्ग्रोमाथि तीनपटक घुमेपछि गुरुको आदेश पाउने बित्तिकै आगोमाथि दौडिन थाले ।

केहीबेरमा मूलको घरको पूजाकोठाभित्र गुरुदेखि विभिन्न देवदेवी र वायु शरीरमा चढेका एक हूल मानिस काम्दै घरबाट निस्किए र आगोको भुङ्ग्रोतर्फ लम्किए । अगाडि बाजा घन्किरहेको थियो । वरिपरि बढेको भीड आगो माथिको नाच हेर्न लालायित थिए । त्यसपछि देवदेवी एवं वायु चढेका सेता गन्जी, धोती लगाएका, माला लगाएका व्यक्तिहरू, काम्दै उफ्रँदै दाउराको आगोको भुङ्ग्रो अगाडि पुगे । कोही देवदेवीको जयजयकार गर्दै थिए ।

हातमा थाल बजाउँदै उफ्रिरहेका र अर्का मूल गुरु रुद्रबहादुर खड्का एकै छिनमा आगोको भर्भराउँदो भुङ्ग्रोमा लात्तीले हानेर उफ्रिन थाले । त्यसलगत्तै एकपछि अर्को आगोमा होमिए र त्यसैगरी लात्तीले हाने । गुरुको आदेशपछि नयाँ तथा पुराना डाङ्ग्रेहरू टाउको निहुराउँदै मुखबाट 'भुर्भुर्भुर्भुर्भुर' आवाज निकाल्दै जोस्सिँदै एकमाथि अर्को आगोमा होमिन थाले । उनीहरू आगोको भुङ्ग्रोमा लात्तीले हान्दै आगोलाई यताउति छर्दै त्यहीँ माथि उफ्रँदै नाच्न थाले । मानौँ त्यो एउटा खेलकुद मैदान हो, आगोका तीन भङ्ग्रो फुटबल हो र उनीहरू त्यही, त्यहीँ फुटबल खेलिरहेका छन् ।

नाङ्गो पैतालाले आगोमाथि मानिस नाचेको र उफ्रिएको देखेर कतिका आँखा आश्चर्यले चम्किला भए । भुङ्ग्रोमाथि नाच्नेलाई आगोले पोलेको कुनै आभास भएजस्तो देखिँदैनथ्यो । काम्दै र मन्त्र फलाक्दै डाङ्ग्रे भर्भराउँदो भुङ्ग्रोमा नाचिरहे । आगोमा नाचेको डिलमा बसेर हेरिरहेकाहरू चकित मात्रै परेनन्, आफ्ना छोरा र श्रीमान् आगोमा नाच्दा आमा र श्रीमतीहरूको मन भने कटक्क खायो ।

शरीरमा कुलको मूल देवता अर्थात् खप्परमास्टर शरीरमा धारण गरेका ४० वर्षीय राजकुमार बस्नेत, कुलका मामा भान्जी शरीरमा धारण गरेका २४ वर्षीय सौरभ बस्नेत, वायु धारण गरेका ४० वर्षीय सुवास बस्नेत, दिनेश बस्नेत, सुमन बस्नेत आगोमा उफ्रिन थाले । नजिकै डिलमा उभिएकी एक किशोरी भन्दै थिइन्, 'ओहो, आगोको भुङ्ग्रोमा उफ्रँदा हाम्रो ड्याडीलाई पोलेन होला त ? जीउ पनि दुख्यो होला है ।' हेर्नेमध्ये धेरैले जिज्ञासा राखे, यसरी भुङ्ग्रोमाथि नाच्नेको पैतालाको हालत के भयो होला ? तर खली खुवाउने कार्य सम्पन्न भएपछि भुङ्ग्रोमा नाच्नेको पैतालामा आगोले पोलेको कुनै सङ्केत नदेखिँदा हेर्नेहरू चकित परे ।

आगोमा नाचेपछि शरीरमा देवदेवी र वायुको कम्पन आइरहेका सबैलाई गुरुले आगामा नाच्दा सुरक्षित भए नभएको एवं काँचो वायु तथा कुलदेवदेवीले पूर्णता पाए/नपाएको जिज्ञासा राख्दै पालैपालो सबैलाई सोधे । पूर्णता पाएको र डाङ्ग्रेको शरीर सुरक्षित रहेको बताएपछि भने फेरि जयजयकार गर्दै खुसीको धुनसहितको बाजा बजाउँदै सबै काम्दै सुरुमा निस्किएकै घरमा पसे, बलिरहेको बत्ती मुखमा हाल्दै शरीर कम्पन छाड्दै पुरानै अवस्थामा फर्किए र बाहिर निस्किए ।

आफ्नो कुलदेवतालाई उचित स्थान दिने र अकालमा ज्यान गुमाएर भड्किएको मृतात्माको मुक्तिका लागि शदिऔँदेखि चल्दै आएको तान्त्रिक विधिअनुसार गरिने खली प्रथालाई बस्ने

> ***कुलदेवता शरीरमा आएपछि पटकपटक विभिन्न विधिबाट हुने परीक्षण सफल भएपछि अन्तिममा मात्रै खली खुवाएर डाङ्ग्रेलाई पूर्णता दिइन्छ । डाङ्ग्रे भएपछि शुद्ध भएर बस्नुपर्ने र अशुद्ध खानपान तथा व्यवहार गर्न नहुने उहाँको भनाइ छ । खली खुवाएपछि कुलदेवता र वायुदेवताको शिला स्थापना गर्ने, पूजा गरेर देवता थन्क्याउने र सामूहिक रूपमा कूलका परिवारले भोज खाएपछि भने बाजागाजाका साथ विभिन्न उपहार एवं दक्षिणा दिएर गुरुहरूलाई बिदाइ गर्ने परम्परा छ ।***

त परिवारले चौथोपटक पूर्णता दिएका थिए । मूल गुरु खड्काले भन्नुभयो, 'खली प्रथालाई चमत्कार वा अन्धविश्वास भन्न हुँदैन, यो श्रृष्टिको उत्पत्ति कालदेखिनै चल्दै आएको परम्पपरा मानिन्छ । गुरुहरूले प्राचीन तान्त्रिक प्रक्रियामार्फत प्रेतात्माको मुक्तिका लागि खली प्रथा चल्दै आएको हो । मैले नै यहीँ कुलमा योसमेत तीनपटक वायु उतार्ने र खली खुवाउने कार्य गरिएको छ । बीस वर्षअघि पनि यो कुलमा खली खुवाइएको थियो ।'

उहाँका अनुसार अकालमा मृत्यु भएकाको उद्धार नगरी पिशाचको रूपमा रहँदा त्यो कुल वंशभित्रका परिवारलाई दुःख कष्ट दिने, घरमा बिरामी नछुट्ने, अकल्पनीय दुर्घटनाहरू हुने, पशु चौपायाहरू बिरामी नै नभई अचानक मर्नेलगायतका घटना हुन्छन्, अकालमा मृत्यु भएकाको वायु उतारेर त्यही कुलवंशका व्यक्तिको शरीरमा धारण गरेपछि वायुदेवका रूपमा स्थान पाउने भड्किएको आत्माले मुक्ति पाउने विश्वास रहेको छ । अकालमा मृत्यु भएकाहरू सबै वायुदेवका रूपमा कुलदेवतासँगै राखेर पूजा गर्ने भएपछि कुलवंशमा राम्रो भएर आउने पूर्ण विश्वास रहेको मूल गुरु खड्का बताउनुहुन्छ । तान्त्रिक विधि र कूल देवताको शक्तिले आगोको भुङ्ग्रोमा उफ्रँदा पनि डाङ्ग्रको खुट्टाको रौं समेत नजल्ने उहाँ बताउनुहुन्छ ।

यहाँका बस्नेत कुलमा अकालमा ज्यान गुमाएकाहरूको आत्मा मुक्तिको कर्मका लागि खली खुवाउन तीन साताको तान्त्रिक विधिअनुसार सबै प्रक्रिया पुरा गरेर खली खुवाउने कार्य सम्पन्न गरिएको हो । तीन सातादेखि हरेक दिन राति खाना खाएपछि कुलका सबै पुरुष शुद्ध भई जम्मा भएर प्रत्येक रात गुरुमार्फत वायु उतार्ने काम सम्पन्न गरेपछि खली खुवाएर त्यसलाई पूर्णता दिइएको नवीन बस्नेतले बताउनु हुन्छ ।

शरीरमा कुलको मूलदेवता अर्थात् खप्परमास्टर शरीरमा धारण गरेका ४० वर्षीय राजकुमार बस्नेत, भान्जाभान्जी चेतबराह र मण्डली धारण गरेका २४ वर्षीय सौरभ बस्नेत, वायु धारण गरेका ४० वर्षीय सुवास बस्नेत आगोको भुङ्ग्रोमा उफ्राएका थिए । पुरोना धामी दिनेश बस्नेतको आङ अर्थात् शरीरमा धारण गरेको खप्परमास्टर राजकुमारको शरीरमा र पुरानो धामी सुमन बस्नेतको शरीरमा रहेको भान्जाभान्जी चेतबराह र मण्डली सौरभको आङ अर्थात् शरीरमा हस्तान्तरणसमेत गरिएको नवीन बस्नेतले बताउनुभयो ।

आफ्नो कुलमा अकालमा ज्यान गुमाएर मोक्ष नपाएका पितृको उद्धारका लागि गरिने प्राचीन र तान्त्रिक विधिलाई खली खाने प्रथा भन्ने गरिएको गुरु खड्काले बताउनुहुन्छ । सुरुमा गुरुमार्फत कुलका सबै जम्मा भएर एक भाइका घरमा वायु उतार्ने गरिन्छ । वायु उतार्ने क्रममा मृतात्माले आफ्नै कुलभित्रको आफूले चाहेको व्यक्तिको शरीरमा प्रवेश गर्दै आफ्नो मृत्यु कसरी भयो, आत्माले कति दुःख पायो र अब आत्माले कसरी मोक्ष पाउँछ भन्ने गर्छन् । यसमा तान्त्रिक माध्यमबाट प्रेताात्मा 'वायु'लाई बोलाएर आफ्नो मृत्युबारे बकाएपछि मृतकको इच्छानुसार खली प्रथा गराइन्छ ।

भड्किएको मृतात्माले आफ्नो कुलभित्र दुःख दिने कथन रहँदै आएको र वायु उतारेर खली खुवाएपछि वायुदेवताका रूपमा स्थान दिई हरेक वर्ष दिवालीका दिन कुलदेवता र वायुदेवताको पूजा गरेपछि कुलमा राम्रो हुने विश्वास वर्षौंदेखि रहँदै आएको बस्नेत कुलका ४० वर्षीय माधव बस्नेतको भनाइ छ । यो प्रथा हिन्दू धर्मावलम्बीमा प्राचीनकालदेखि चल्दै आएको बताउँदै उहाँले यसलाई धर्म, परम्परा, संस्कृति र तन्त्रसँग जोडेर हेर्नुपर्ने बताउनुभयो ।

एक वर्षअघि सोही गाउँमा खली खुवाउनु भएका सानुभाइ गिरीले यस प्रथाका बारेमा प्रस्ट्याउँदै भन्नुभयो, 'आगाको भुङ्ग्रोमाथि नाङ्गो खुट्टाले नाचेर खरानी बनाउने घटना आफ्नै आँखा अगाडि देख्न सकिन्छ, यसलाई तान्त्रिक विधि र दैवी शक्तिको अनुपम नमूनाका रूपमा लिन सकिन्छ ।' उहाँका अनुसार शरीरमा कुलदेवता र वायुदेवता चढेका व्यक्तिलाई डाङ्ग्रे भनिन्छ, उनीहरूलाई आगोको भुङ्ग्रोमा नाचेर पूर्णता दिने कार्यलाई 'खली खाने' भन्ने गरिन्छ ।

डाङ्ग्रे हुन कठिन तान्त्रिक परीक्षा पूरा गर्नुपर्ने बताउँदै एक वर्षअघि मात्रै गिरी कुलमा खली खुवाएर आफै धामी बन्नु भएका सुरेश गिरीले खली खुवाउने प्रथाको बारेमा जानकारी दिँदै भन्नुभयो, 'खली खानु डाङ्ग्रे हुने प्रक्रियाको अन्तिम परीक्षा हो, त्यसपछि उनीहरूकै शरीरमा कुल र वायु देवता रहिरहन्छ, त्यसैले धेरै परीक्षणबाट सफल हुँदै खली खुवाउने बेलासम्म आइन्छ, खली खुवाउन बालिने आगो पनि तान्त्रिक विधिबाट जगाइने भएकाले डाङ्ग्रे आगामा नाच्दा पोल्दैन, उनीहरूको खुट्टामा फोका उठ्दैन, घाउ लाग्दैन ।' आफूहरूका शरीरमा धेरै कम्पन हुने र उफ्रने भएकाले भोलिपल्ट भने शरीर निकै थाक्ने गरेको उनीहरू बताउँछन् ।

आगो बाल्ने स्थानलाई पनि तान्त्रिक विधिले शुद्ध गरिने तथा बडो निगरानीमा राखिएको हुन्छ । कुभलो चिताउने कोही व्यक्ति त्यस ठाउँमा प्रवेश गरेमा तथा सिसा, फलामका टुक्रा, किला वा अन्य अशुद्ध सामग्री राखिदिए अनिष्ट हुन सक्ने मानिन्छ ।

खली खाने डाङ्ग्रे लामो प्रक्रियाबाट छनोट हुन्छन् । 'जोसुकै व्यक्ति पनि डाङ्ग्रे हुन पाउँदैनन् । वायु उतार्ने क्रममा धामी बसेर तन्त्रमन्त्रले पूजा गर्दा जसको शरीरमा कुलदेवता र वायु चढ्छ, उनीहरू मात्र डाङ्ग्रे भएर खली खानयोग्य हुन्छन् । तान्त्रिक विधिद्वारा धामीले विशेष पूजा गरेपछि कुलका मानिसका जीउमा कुलदेवता चढ्ने गरेको बस्नेत बताउनुहुन्छ । कुलदेवता शरीरमा आएपछि पटकपटक विभिन्न विधिबाट हुने परीक्षण सफल भएपछि अन्तिममा मात्रै खली खुवाएर डाङ्ग्रेलाई पूर्णता दिइन्छ । डाङ्ग्रे भएपछि शुद्ध भएर बस्नुपर्ने र अशुद्ध खानपान तथा व्यवहार गर्न नहुने उहाँको भनाइ छ । खली खुवाएपछि कुलदेवता र वायुदेवताको शिला स्थापना गर्ने, पूजा गरेर देवता थन्क्याउने र सामूहिक रूपमा कूलका परिवारले भोज खाएपछि भने बाजागाजाका साथ विभिन्न उपहार एवं दक्षिणा दिएर गुरुहरूलाई बिदाइ गर्ने परम्परा छ ।

● ● ●

# सागरनाथ वन विकास परियोजनाका कर्मचारी आन्दोलित




**सर्लाही**
**रासस**
सागरनाथ वन विकास परियोजनाका एक सय ४६ कर्माचारीले नौ महिनादेखि तलब खान नपाएपछि आन्दोलनमा उत्रिएका छन्। सागरनाथ वन विकास परियोजना मजदुर युनियन र नेपाल निजामति कर्मचारी संगठन प्रारम्भिक कार्य समितिका पदाधिकारीले संयुक्त रूपमा आन्दोलन सुरु गरेको परियोजनाको मजदुर युनियन अध्यक्ष सन्तोष साह तेलीले जानकारी दिए। उनीहरूले परियोजनाको कार्यालयमा तालबन्दी पनि गरेका छन्।

लामो सयमदेखि तलब खान नपाउँदा पनि परियोजना प्रमुखले बेवास्ता गरेकाले आफूहरू आन्दोलनमा उत्रिएको नेपाल निजामती कर्मचारी संगठन प्रारम्भिक कार्य समितिका जिल्ला अध्यक्ष छत्रबहादुर डुम्जनले बताए । यी दुई कर्माचारी संगठनहरूले गत चैत २७ गते एक हप्ताभित्र रोकिएको तलब उपलब्ध गराउन संयुक्त विज्ञप्ति जारी गर्दै माग गरेपनि परियोजना प्रमुख रामकिशोर यादव मौन बसेका कारण कार्यालयमा तालाबन्दी गरिएको उनको भनाइ थियो । माग पूरा नभए जेठ १ गतेदेखि चरणबद्ध आन्दोलन गर्ने विज्ञप्तिमा उल्लेख गरिएको थियो।

यता परियोजना क्षेत्रमा उत्पादित वन पैदावार बिक्री वितरण नभएकाले कर्माचारीहरूको तलब रोकिएको परियोजना प्रमुख यादवले बताउनुभयो । उहाँका अनुसार उत्पादित वन पैदावार बिक्री वितरण गरेर मासिक करिब रु ५० लाख तलबमा खर्च गर्नुपर्ने भए पनि सरकारबाट कुनै किसिमको सहयोग नभएका कारण परियोजना आर्थिकरूपमा टाट पल्टिएर तलब खुवाउन नसकिएको हो । विसं २०५३मा स्थापना भएको उक्त परियोजनामा ज्यालादारी, करार र स्थायी गरेर एक सय ४६ जना कर्माचारी कार्यरत छन्।

# च्याङग्राको भूवा संकलन आधुनिक विधिबारे प्रतिक्षण

**काठमाडौँ**
**रासस**
पश्मिनाका लागि चाहिने कच्चा पदार्थ च्याङ्ग्राको भूवा संकलन वृद्धि ल्याउने उद्देश्यले मनाङका च्याङ्ग्रा पालक किसानलाई च्याङग्राबाट भूवा निकाल्ने आधुनिक विधिबारे प्रशिक्षण दिइएको छ। च्याङग्रा पालनमा अग्रणी मध्येको मनाङमा च्याङग्राबाट आधुनिक तरिकाले भूवा निकाल्ने विधिबारेको ज्ञानबाट स्थानीय किसानले च्याङग्राबाट निकाल्ने भूवाको मात्रा तथा गुणस्तरमा अभिवृद्धि हुने विश्वास लिइएको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय तथा युरोपियन युनियनको सहयोगमा सञ्चालित इयु-नेपाल व्यापार तथा लगानी कार्यक्रमको संयुक्त आयोजना तथा मनाङको नार्पाभूमि गाउँपालिकाको स्थानीय संयोजनमा च्याङ्ग्रा पालक किसानका लागि भूवा संकलन सम्बन्धी अनुशिक्षण तथा सामग्री हस्तान्तरण कार्यक्रम आयोजना गरिएको हो।



गत वर्ष इयु नेपाल व्यापार तथा लगानी कार्यक्रमको आर्थिक सहयोगमा मुस्ताङमा सञ्चालन भएको प्रशिक्षक प्रशिक्षण कार्यक्रमबाट प्रशिक्षित भएका नेपाली प्रशिक्षकद्वारा मनाङका किसानलाई भूवा संकलनको आधुनिक विधिबारे तालिम दिइएको हो । मनाङको नारमा सम्पन्न तालिममा २१ जना च्याङ्ग्रा पालक किसानको सहभागिता रहेको थियो । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव गोविन्दबहादुर कार्कीले च्याङ्ग्राको भूवाबाट आर्थिक लाभ लिन सकिनेबारे धेरै किसानमा अझै ज्ञानको अभाव भएको अवस्थामा यस किसिमको तालिमले आधुनिक तरिकाले भूवा निकाल्ने विधिबारे जानकारी हुन गई आगामी दिनमा नेपाली पश्मिनाका लागि चाहिने कच्चा पदार्थ भूवाको उत्पादन स्वदेशमा नै वृद्धि गर्न सकिने बताए।

तालिमबाट स्थानीय किसानले च्याङ्ग्राको भूवाबाट आर्थिक लाभ लिन सकिनेबारे जानकारी मात्र होइन भूवा झिक्ने कामलाई कसरी आधुनिक विधि र उपकरणबाट सहज बनाउन सकिन्छ भन्नेबारे बुझ्ने अवसर चाङ्ग्रा किसानले पाए। यस्ता तालिमले स्वदेशमै भूवा उत्पादनको मात्रा र गुणस्तर दुबै बढाउन सकिने कार्कीको भनाई थियो। गाउँपालिकाका जनप्रतिनिधिले च्याङ्ग्रा पालक किसानको क्षमता अभिवृद्धि मार्फत भूवा उत्पादन वृद्धिका लागि स्थानीय सरकार र अन्य सरोकारवाला निकायबीच सहकार्यको आवश्यकता औँल्याएका थिए। तालिमको अवसरमा आधुनिक तरिकाले भूवा निकाल्नको लागि प्रयोग हुने २० थान काइँयो स्थानीय जनप्रतिनिधिहरू मार्फत किसानलाई वितरण गरिएको थियो । सरकारले हालै सार्वजनिक गरेको पश्मिना क्षेत्र निर्यात राष्ट्रिय रणनीतिले पनि च्याङ्ग्रा पालन प्रवर्द्धन मार्फत भूवा तथा तयारी पश्मिना उत्पादनलाई बढोत्तरी गर्दै सन् २०२६ सम्ममा नेपालबाट पश्चिमना निर्यात सात करोड ५० लाख अमेरिकी डलर पुऱ्याउने लक्ष्य लिएको छ । सन् २०२१ मा नेपालबाट कूल १.९३ करोड अमेरिकी डलर बराबरको तयारी पश्मिना निर्यात भएको थियो।

# चितवनका हाँसका परिकार काठमाडौंका भोजमा



**चितवन**
**रासस**
सौराहाको कटेजमा सिपालु चौधरीले बनाएका हाँसका परिकार जहाजबाट काठमाडौँका भोजमा पुग्छन् भन्दा धेरैलाई अनौठो लाग्न सक्छ। सौराहाका कमाण्डरले थारु समुदायले बनाएको परम्परागत हाँसका परिकार काठमाडौँका भोज र घरमा पुऱ्याउँदै आएका छन् । सौराहामा कमाण्डरका नामबाट परिचित नेपाली सेनाका निवृत्त नायक हरेराम महतो अहिले नियमित हाँसका परिकार बनाउँछन्।

उनको रेष्टुरेन्टमा पुगेर खानेहरू त हुन्छन् नै देशका विभिन्न भागबाट माग गर्नेको पनि कमि हुँदैन । उनले पूर्वको इटहरीदेखि काठमाडौँसम्म हाँसका परिकार तयार पारेर पठाउँदै आएका हुन्। पछिल्लो समय बनेका परिकार जहाजबाट उनले पठाउने कार्य गर्दै आएका छन् । पैसा अनलाइन सेवा मार्फत् उनको खातामा आउँछ। साँझपख उनका पाँच वटै कटेज भरिएर आँगनमा पाहुनाहरु हाँसका परिकारमा रमाउने गर्दछन् । कोभिडपछि व्यापार घटेको उनको दुःखेसो छ।

अनठाउन्न वर्षीय कमाण्डरलाई अबका दिन विगत जस्तो काम गर्ने जाँगर भने छैन।

विगत सम्झँदै उनउले भने 'एकै दिन १२ वटासम्म हाँसका परिकार बनाएर काठमाडौँ पठाएँ, रेष्टुराँमा २४ वटासम्म हाँस बनाएर पाहुनालाई खुवाएको छु।' जिउँदो हाँसलाई काटेर सालको दाउराको आगोमा पोलेर हड्डी छुट्याएर आफैले सिलौटीमा पिनेको मसलामा पकाएको हाँसको स्वाद धेरैले मन पराएको उनको भनाई छ । छुट्याएको हड्डीलाई मिठो हुने गरि उनले सुप बनाउँछन् । बाहिर पठाउँदा मसला मोलेको तयारी मासु र हड्डी छुट्टाछट्टै पठाउने गर्छन्। उनले भने 'साल बाहेकका दाउरा प्रयोग गर्दिन, बजारको मसला राख्दिन ।' अदुवा र लसुनको लेदोले उनले बनाएको हाँसको छोइलाको स्वाद धेरैलाई मनपर्ने गर्दछ । हाँससँगै उनले स्थानीय खोलामा पाइने माछा र स्थानीय जातका कुखुराका परिकार पनि खुवाउँछन्। उनीसँगै श्रीमती, तीन छोरा, दुई बुहारी सँगसँगै काम गर्छन् । भर्खरै मात्र छोरीको विवाह भएकाले काम गर्न छाडेको उनले बताए। उनले भने 'सबै परिवार मिलेर काम गर्छौं ।' कमाण्डरको आफ्नै जीवन कथा छ। नेपाली सेनामा १६ वर्ष सेवापछि विसं २०५४ मा निवृत्त भएसँगै उनको पेसा रेष्टुराँ बन्यो । भरतपुरको गीतानगरमा जन्मिएका उनले निवृत्त जीवनसँगै सौराहामा रेष्टुराँ सुरु गरे । चरम द्वन्द्वको समयमा हतियार खेलाउन जानेका कमाण्डरलाई माओवादीले सँगै लैजाने डरले भागेर उनले बुटवल र वीरगंजमा लुकेर गार्डमा काम गरे। द्वन्द्व मत्थर भएपछि पुनः सौराहा फर्किएर उनले थप संघर्ष गरे । जेनतेन श्रीमतीले धानेको रेष्टुरेन्टलाई राम्रो बनाएर सौराहाको हात्तीचोक वरिपरि चार ठाउँमा सर्दै रेष्टुरेन्ट चलाए । त्यहाँ बचाएको रकमले उनले हात्तीचोक भित्रपट्टी ३८ धुर जमिन पनि किने । त्यही जमिनमा अहिले उहाँको घर सहितको कटेज छ। यही कटेजबाट विसं २०७३ देखि उनको रेष्टुरेन्ट सञ्चालन हुँदै आएको छ । त्यहाँ कहिले रु ४५ हजारसम्मको व्यापार हुन्छ भने कहिले केही पनि हुँदैन।

थारु जातिको परम्परागत स्वादका पारखीका लागि कमाण्डरको रेष्टुराँ रोजाइ बन्ने गरेको छ। चितवन र बाहिरबाट आउने आन्तरिक र बाह्य पर्यटक समेत हाँसको परिकारमा रमाउन पुग्ने गर्दछन्।

# दोहोरो अंकले बढ्यो नेप्से परिसूचक

**काठमाडौँ**
**रासस**
आज नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक दोहोरो अंकले बढेको छ । नेप्से परिसूचक २३ दशमलव ३९ अंकले बढेर एक हजार आठ सय ४५ दशमलव ०१ अंकमा कायम भएको हो। आज दुई सय ६६ वटा कम्पनीको २५ लाख ७७ हजार दुई सय १० कित्ता शेयर २५ हजार छ सय ३५ पटक खरिद बिक्री हुँदा रू ८५ करोड ७६ लाख २४ हजार तीन सय १८ बराबरको कारोबार भएको छ।

आज सबै समूहको उप-सूचक बढेको छ।

सबै भन्दा धेरै निर्जीवन बीमा समूहको उप-सूचक एक सय ७१ दशमलव २३ र जीवन बीमा समूह ९३ दशमलव ३७ अंकले बढेको छ। बैंकिङ समूह आठ दशमलव ६५, विकास बैंक ५४ दशमलव ९३, वित्त ३४ दशमलव ५६, होटल तथा पर्यटन समूह २० दशमलव ०२ र जलविद्युत् ४९ दशमलव २८ अंकले बढेको छ।

लगानी समूह शून्य दशमलव ७०, उत्पादन तथा प्रशोधन ३७ दशमलव ८२, लघुवित्त ३१ दशमलव १८, म्युचुअल फन्ड शून्य दशमलव ०१, व्यापार १३ दशमलव १३ र अन्य समूह ३० दशमलव ८२ अंकले बढेको छ।

आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने माईखोला हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सात दशमलव ९३ प्रतिशतले घटेको छ।

कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रू पाँच करोड ४६ लाख ५८ हजार छ सय ८५ बराबरको एक लाख ३६ हजार एक सय १० कित्ता शेयर किनबेच भएको छ।

# चैते धान प्रोत्साहन कार्यक्रममा अधिक निवेदन



**चितवन**
**रासस**
जिल्लामा चैते धान खेती गरेका कृषकलाई प्रोत्साहन स्वरुप प्रदान गर्न ल्याइएको कार्यक्रममा बजेट भन्दा सात गुणा बढिको निवेदन परेको छ । कृषि ज्ञान केन्द्र चितवनले चैत २७ गते १५ दिने सूचना जारी गरि प्रोत्साहन कार्यक्रममा सहभागी हुनका लागि कृषकलाई आह्वान गरेको थियो।

जिल्लाका पाँच पालिकाका किसानले चार हजार हेक्टर क्षेत्रफलमा चैते धान लगाएका छन् । चैते धान खेती गर्ने किसानले प्रोत्साहन कार्यक्रमका लागि निवेदन बुझाएका केन्द्रले जनाएको छ । केन्द्रमा छ सय हेक्टर क्षेत्रफललाई मात्रै पुग्ने बजेट भएपनि अहिले किसानको निवेदनका आधारमा चैते धान खेती गर्ने कृषकको संख्या बढेको केन्द्रका निमित्त प्रमुख मीनबहादुर पुनले जानकारी दिए।

एक हेक्टरमा ३० कठ्ठा हुने र एक कठ्ठा बराबर रू चार सयका दरले प्रोत्साहन रकम दिन कार्य विधिमा भएपनि माग बढेपछि अहिले स्थलगत अनुगमन शुरु गरिएको उनले बताए । उनले भने 'जिल्लामा यो पहिलो कार्यक्रम हो । हामीले अहिले स्थलगत अनुगमन गरिरहेका छौँ ।' मकवानपुर र चितवनमा यस कार्यक्रमका लागि रू ७३ लाख ५० हजार बजेट भएपनि मकवानपुर तथा चितवनको कालिका नगरपालिका र इच्छाकामना गाउँपालिकाबाट निवेदन नआएको निमित्त प्रमुख पुनले जानकारी दिए। उनले भने 'अहिले आएका निवेदन सबैलाई कार्यक्रममा समेट्ने हो भने प्रतिकठ्ठा रू ६० का दरले पर्न जान्छ।'

निवेदन संख्या बढेसँगै किसानलाई वर्गीकरण गरेर प्रोत्साहन रकम दिने तयारी थालिएको पुनको भनाई छ । साना किसानलाई लक्षित गर्दै रकम बाँडफाँट गर्ने योजनामा कार्यालय रहेको भन्दै उनले निर्णय गर्न बाँकी रहेको बताए। सबैभन्दा धेरै खैरहनी नगरपालिकाबाट निवेदन परेका छन् । राप्ती, रत्ननगर र माडी नगरपालिकाका साथै भरतपुर महानगरपालिकाको पश्चिमी भू-भागका कृषक पनि उक्त कार्यक्रममा समेटिएका कार्यालयले जनाएको छ।

# गैँडाको खाग सहित तीन पक्राउ



**काठमाडौँ**
**रासस**
ललितपुर महानगरपालिका-४ स्टिलटावर चोक नजिकबाट दुई सय ९७ मिलिग्राम तौल भएको गैँडाको खाग (ओखेटोपहार) सहित तीन जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा चितवनको राप्ती नगरपालिका- ५ भवानीपुर घर भई ललितपुर एकान्तकुना बस्ने २८ वर्षीय रोशन घिमिरे, २४ वर्षीय युवराज घिमिरे र धादिङको बेनिघाट रोराङ गाउँपालिका-२ घर भई काठमाडौँ नयाँ बजार बस्ने २८ वर्षीय वीरेन्द्र तामाङ रहेका छन्।

उक्त चोक नजिक गैँडाको खाग खरिद बिक्री गर्दै गरेको भन्ने विशेष सूचनाका आधारमा खटिएको प्रहरी टोलीले उनीहरूलाई खाग सहित पक्राउ गरेको प्रहरी प्रधान कार्यालय, प्रहरी महानिरीक्षकको सचिवालय, केन्द्रिय प्रहरी समाचार कक्षले जनाएको छ । पक्राउ परेकालाई थप अनुसन्धान तथा कारबाहीका लागि डिभिजन वन कार्यालय गोदावरी ललिपुर पठाइएको प्रहरीले जनाएको छ।



# भ्रष्टाचारविरुद्ध नागरिक समाजको प्रदर्शन




**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाममा भ्रष्टाचारविरुद्ध नागरिक समाजले प्रदर्शन गरेका छन् । जनकपुरधामको जनकचौकमा दलीय भागवण्डा र भ्रष्टाचारविरुद्ध एक होऔं नारासहित नागरिक समाजका अगुवा लेखक रामरिझन यादवको नेतृत्वमा प्रदर्शन भएको हो ।
नक्कली भुटानी शरनार्थी भ्रष्टाचार काण्ड, वाइडबडी भ्रष्टाचार काण्ड, हुलाकी परियोजना घोटाला काण्ड, मधेश प्रदेश सरकाको साईकल वितरणमा भ्रष्टाचार काण्ड, स्वच्छता अभियानमा भएको भ्रष्टाचार काण्ड लेखिएको प्लेकार्डसहित नागरिक समाजले प्रदर्शन गरेका हुन् ।
पूर्व पत्रकार समेत रहेका यादवले आफ्ना देशका नागरिकलाई पैसाको लागि शरणार्थी बनाउने जस्ता निच स्तरको काण्डमा गृहमन्त्री जस्ता पदमा बसेका व्यक्तिबाट हुनु अकल्पनिय अक्षम्य अपराध भएको बताए । नक्कली शरनार्थी लगायतको अन्य सबै काण्डको स्वच्छ निष्पक्ष छानविन गरी दोषीहरुलाई कारबाहीको दायरामा ल्याउनु पर्ने उनले माग गरे ।
ठूलो भ्रष्टाचार काण्ड सृंखलावद्ध रुपमा सार्वजनिक भइरहँदा मधेशको राजधानी जनकपुर लगायत मधेशका नागरिक समाज वुद्धिजिवी एकदिन एकछिनका लागि सडकमा नआउनु दुखद रहेको यादवको भनाइ छ ।
भ्रष्टाचारविरुद्ध सबै सचेत नागरिकले खबरदारी गर्नुपर्ने उनले बताए ।
प्रदर्शनमा नागरिक समाजका बालकेशर ठाकुर, विपती मण्डल, दिनदेश पूर्वे लगायतले हरेक भ्रष्टाचार काण्डका निष्पक्ष छानविन गरी दोषी जो कोही भएपनि उन्मुक्ति नदिन सरकारसंग माग गरेका छन् ।
रामरिझनको अगुवाइमा भ्रष्टाचारविरुद्ध यसअघि सप्तरीको राजविराज, सिरहाको सिरहा सदरमुकाममा प्रर्दशन भएको थियो । भोलि महोत्तरीको सदरमुकाम जलेश्वर र पर्सी सर्लाहीको मलंगवामा प्रदर्शन गर्ने कार्यक्रम रहेको उनले बताए ।

# धनुषामा घरेलु हिंसाका घटनामा बृद्धि





**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषामा विगत केहि दिन देखि घरेलु हिंसाका घटनामा बृद्धि भइरहेको देखिएको छ। जिल्लामा कुटपिट देखि लिएर जवरजस्ती करणीको घटनाका दर्जनौं उजुरीहरु परेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । पछिल्लो पटक जिल्लाको विदेह नगरपालिकामा भाउजुले देवरलाई कुटपिट गर्दा जनकपुरधाममा जेठाजुले भाईबुहारीमाथि जर्बजस्ती करणीको प्रयास गर्दै छुरासमेत प्रहार गरेको घटना बाहिरिएको छ।
बुधबार बिहान जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-२३ लादोबेलामा २६ वर्षीया सफिना खातुनलाई उनका जेठाजु नातामा पर्ने पप्पु साफिले जर्बजस्ती करणीको प्रयास गर्दै छुरा प्रहार गरेको आरोप लगाइएको छ । सफिनाका पति टिपु सुल्तान भने वैदेशिक रोजगारीको क्रममा विगत ४ वर्षदेखि मलेशियामा छन्।
टिपु र सफिनाको बिहे भएको १२ वर्ष पुगिसकेको छ। उनीहरुका चार सन्तान पनि छन् । तर, टिपु मलेशिया गएपछि घरपरिवार र छोराछोरीसँग कुनै मतलव नराखी आमा र दाईको कुरा मात्र सुनेको भरमा सफिनाको चरित्रमाथि नै सवाल उठाउने गरेका छन्।
सोही क्रममा विगतदेखि नै उनको घरमा आन्तरिक कलह हुँदै आइरहेको छ । बुधबार पनि श्रीमानले आफूसहित छोराछोरीलाई खान लाउन नदिएको र परिवारका अन्य सदस्यको लहैलहैमा लागेर आफूहरुमाथि हिंसा गरेको भन्दै सफिना जिरोमाइलस्थित प्रहरी चौकी पुगेकी थिइन् । उनीसँगै उनका जेठाजु पप्पु र सासुआमा पनि त्यहाँ गएका थिए।
प्रहरीले घरायसी विवादलाई आपसमै सुल्झाउन र सहमतिमै बस्न सुझाब दिँदा पप्पु कसैको कुरा नै नसुनी त्यहाँबाट उठेर घर गए । पछि सफिना पनि घर पुगिन।
घर गएको केहीबेरमै आपसी विवाद पुनः सुरु भयो। सफिना आफ्नो कोठामा जान लाग्दा पप्पुले उनलाई घिसारेर कोठामा बन्द गरी जर्बजस्ती गर्ने प्रयास गरेको र उनले प्रतिकार गर्दा शरीरको लुगा च्यातेर निर्घात कुटपिट गर्दै छुरासमेत प्रहार गरेको सफिनाका भाइ सद्दाम हुसैनले सुनाए । सफिनामाथि उनकी सासुआमा र जेठाजु मिलेर मरनासन्न हुनेगरि कुटपिट गरेको सद्दामले बताए । सफिनाका पति टिपु पनि आफ्नो दाई र आमाको उक्साहटमा आएर विदेशबाटै फोनमार्फत मानसिक तनाव र गालीगलौज गर्दै उनको चरित्रमाथि पनि लाञ्छना लगाउँदै आएको उनको गुनासो छ।
यता, प्रादेशिक अस्पतालमा उपचाररत सफिनाले टिपुसँग आफ्नो बिवाह भएको १२ वर्ष बितिसक्दा पनि उनलै कहिल्यै आफूलाई पत्नीसरह व्यवहार र माया नगरेको सुनाइन् । उनले आफ्नो श्रीमानको अर्कै स्थानिय महिलासँग अफेयर रहेको आरोपसमेत लगाइन्।
सफिनामाथि कुटपिट गर्ने उनका जेठाजु पप्पुलाई घरबाटै पक्राउ गरेर जिल्ला प्रहरी कार्यालयमा ल्याइएको जिरोमाइल प्रहरी चौकीका इन्चार्ज प्रहरी सहायक निरीक्षक वीरेन्द्र यादवले जानकारी दिएका छन्।
उता, धनुषाको विदेह नगरपालिका वडा नम्बर-७ बेलापट्टिमा पनि स्थानीय बेचु मण्डलकी श्रीमती ३० वर्षीया रिंकु कुमारी मण्डलले आफ्नो देवर राजकुमार मण्डलमाथि घरायसी विवादकै कारण मंगलबार राति छुरा प्रहार गरेको घटना बाहिरिएको छ।
अंश हक सम्बन्धी आपसी विवाद हुँदा रिंकुले राजकुमारमाथी पछाडिबाटै ज्यान मार्ने उद्देश्यले घाँटीमा ठूलो छुरा प्रहार गरेको आरोप लगाइएको छ । रिंकुको छुरा प्रहारबाट गम्भीर घाइते भएका राजकुमार हाल जिवन मरणको दोसाँधमा छन् । उनको जनकपुरधामस्थित मेड नेपाल अस्पतालमा उपचार भइरहेको छ।
आर्थिक वर्ष २०७८/७९ मा धनुषामा मात्रै कुटपिट, खानलाउन नदिएको, घरनिकाला, पुरुषपीडित, धाकधम्की, दाइजो सम्बन्धी कसुर, गालीगलौजलगायतका ८३५ वटा सामाजिक हिंसाका घटनाहरु घटेको जिल्ला प्रहरी कार्यालय धनुषाले उपलब्ध गराएको तथ्यांकमा उल्लेख छ।

# ट्राफिक सम्बन्धी सचेतना तेस्रो दिन पनि जारी



**मधेशदृष्टि**
**जनकपुरधाम।**
सातौं अन्तर्राष्ट्रिय सडक सुरक्षा सप्ताहको तेस्रो दिन बुधबार जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाले जथाभावी बाटो काट्ने, हेल्मेटको बेल्ट नलगाउने, ट्राफिक नियमको पालना नगर्ने लगायतका विषयहरुमा मुख्य मुख्य चोकहरुमा सचेतना कार्यक्रमको आयोजना गरेको छ।
ट्राफिक प्रहरी कार्यालय धनुषा तथा मातहतका कार्यालय/पोष्टहरुले राजमार्ग, शहरी तथा भित्रि सडक खण्डहरुको १७ स्थानको चोकचोकमा स्वयंसेवक/विद्यार्थीहरुलाई परिचालन गरी सडक प्रयोगकर्ताहरुलाई बाटो काट्न सिकाएको हो।
साथै सिट क्षमता भन्दा बढी यात्रु राखे, नराखेको अनुमगन र आरक्षण सिट कार्यान्वयन भए, नभएको अनुगमन, सवारी चालक सहचालकहरुलाई सिट क्षमता भन्द बढी यात्रु नराख्ने र आरक्षण सिट सम्बन्धी प्रशिक्षणसमेत दिइएको जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी निरीक्षक शेखर साहले जानकारी दिए ।जनकपुरधाम नगर एरिया भित्र अटो ई-रिक्सा चालकहरुलाई ट्राफिक नियम तथा सवारी दुर्घटना न्युनिकरण सम्बन्धी प्रशिक्षण दिनुको साथै पर्चा पम्पलेट समेत विवरण गरिएको उनले बताए।
सोमबारदेखि सुरु भएको सडक सुरक्षा सप्ताहको चौथो दिन बिहीबार सरोकारवालाहरुसँग ट्राफिक सचेतनाबारे अन्तरक्रिया कार्यक्रमको आयोजना गरिने जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाले जनाएको छ।

## हराएको मोटरसाईकल सम्वन्धित धनिलाई फिर्ता



**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषा प्रहरीले दुईवटा हराएको मोटरसाईकल फेला पारि सम्वन्धित धनीलाई बुझाएको छ। प्रहरीले दिएको जानकारि अनुसार गत वैशाख २७ गते रातीको समयमा राममन्दिर नजिकबाट चोरी भएको ज ७ प ४१९० र जेठ २ गते मुजेलीयाबाट चोरी भएको स १० प ६३९३ नम्वरको मोटरसाईकल फेला पारि बुधबार सम्वन्धित धनीलाई बुझाइएको छ।

# लामालाई चार मन्त्रालयको जिम्मेवारी



**रासस**
**मकवानपुर।**
बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिंह लामालाई थप तीन मन्त्रालयको जिम्मेवारी प्रदान गरिएको छ।
मुख्यमन्त्री शालिकराम जम्कट्टेलको सिफारिसमा प्रदेश प्रमुख यादवचन्द्र शर्माले लामालाई वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य मन्त्रालय र पर्यटन उद्योग तथा सहकारी मन्त्रालयको जिम्मेवारी दिएका हुन् । प्रदेश प्रमुख शर्माले सूचना जारी गर्दै मुख्यमन्त्री जम्कट्टेलको सिफारिसमा लामालाई थप मन्त्रालयको जिम्मेवारी दिइएको उल्लेख गरेका छन्।
बुधबार मन्त्री लामाले स्वास्थ्य मन्त्रालयमा स्वागतको क्रममा सम्पूर्ण कर्मचारीलाई एकबद्ध भई सेवा भावले काम गर्न र चुस्त दुरुस्त सेवा प्रदान गर्न निर्देशन दिए । निर्देशनकै क्रममा मन्त्री लामाले अहिलेको अवस्थामा राजस्व आशातितरुपमा उठ्न नसकेको कारण स्रोतको कमी भएको र समग्र विश्व नै आर्थिक सङ्कटमा परेको बताए।
बागमती प्रदेशको ११ मन्त्रालयमध्ये छ वटा मन्त्रालयमा मात्र मन्त्री नियुक्त रहेका छन् । पाँच वटा मन्त्रालय मन्त्रीविहीन रहँदै आएको थियो । सत्तारुढ दलको बीचमा भागबण्डा नमिल्दा सरकारलाई पूर्णता दिन नसकेपछि मुख्यमन्त्री जम्कट्टेलले नेपाली कांग्रेसका नेता लामालाई नै थप तीन मन्त्रालयको जिम्मेवारी दिएका हुन् । अझै पनि प्रदेशको दुई मन्त्रालय मन्त्रीविहीन अवस्थामै रहेको छ।
बागमती प्रदेशमा पाँच वटा मन्त्रालय कांग्रेसले सम्हालेको छ भने माओवादी केन्द्रले चार मन्त्रालय सम्हाल्दै आएको छ। प्रदेशको कृषि तथा पशुपन्छी मन्त्रालय र श्रम रोजगार तथा यातायात मन्त्रालयमा अझै मन्त्री नियुक्त हुन सकेका छैनन्। यी मन्त्रालय भने मुख्यमन्त्री जम्कट्टेलले नै सम्हाल्दै आएका छन्।

# पक्राउ परेका सबैको म्याद तीन दिन थप





**रासस**
**काठमाडौँ।**
नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेका १४ जनालाई नै हिरासतमा राखेर अनुसन्धान गर्न जिल्ला अदालत काठमाडौँले प्रहरीलाई तीन दिनको म्याद दिएको छ
जिल्ला प्रहरी परिसर काठमाडौँका प्रहरी उपरीक्षक सीताराम रिजालका अनुसार उनीहरूमध्ये १३ जनामाथिको प्रारम्भिक बयान लिने काम जिल्ला सरकारी वकिलको कार्यालयले सकेको छ।
पछिल्लो समयमा पक्राउ परेको पूर्वसभासद् आङटावा शेर्पासँग भने बयान जारी छ । यसअघि उक्त घटनामा मुछिएका पूर्वमन्त्री बालकृष्ण खाण र पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझीसँग सोमबार र मङ्गलबार बयान लिइएको थियो।
अन्य ११ आरोपीको बयान भने आईतबार सकिएको छ। अब तीन दिनमा आवश्यक बाँकी अनुसन्धान गरी अन्तिम प्रतिवेदन बनाएर सरकारी वकीलको कार्यालयमा पेश गर्ने तयारी प्रहरीको छ । उनीहरूमाथि प्रहरीले सङ्गठित अपराध र ठगीमा अनुसन्धान गरिरहेको छ। अब प्रहरीलाई उनीहरूमाथि अनुसन्धान गर्न सात दिनको मात्रै समय छ।
नेपालीलाई भुटानी शरणार्थी बनाई अमेरिका पठाउने लोभ देखाएर करोडौँ ठगी भएको फेला परेपछि प्रहरीले त्यस घटनामा जोडिएका पूर्वमन्त्री र बहालवाला सचिवसहित १४ जनालाई पक्राउ गरी अनुसान गरिरहेको छ।

डाक्नेश्वरी नगरपालिका
Dakneshwori Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municitpality Executive
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

आशयको सूचना
प्रकाशित मिति : २०८०/०२/०४

यस कार्यालयबाट मिति २०७९/०९/१९ गते मंगलवार हिमालय टाइम्स राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र ठेक्का नं. TB-1/2079/80 सम्बन्धमा रित पूर्वक परेका बोल पत्र उपर मूल्याङ्कन समितिबाट तपसिल अनुसारको बोलपत्र दाता सारभूत रुपमा न्यूनतम मूल्यांकित (1st Lowest) भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) प्रयोजनार्थ यो आशयको सूचना प्रकाशित सबैका लागि प्रकाशित गरिएको छ।
तपसिल :-

| ठेक्का नं. | कार्यको नाम | बोलपत्र खुलेको मिति | मूल्याङ्कन समितिको निर्णय मिति | फर्मको नाम | न्यूनतम कबोल अंक | कैफियत |
|---|---|---|---|---|---|---|
| TB-1/2079/80 | Fabrication of steel parts and transportation upto road heads of Govindapur Trail Bridge Dakneswori Municipality-05, Saptari | २०७९/१०/१९ | २०७९/११/१० | एस.के. ईन्जिनियरिङ्ग ईन्डष्ट्रिज बुटवल, रुपन्देही | रु. ३८७३८६१.३०/- (भ्याट सहित) | |

विनय कुमार सोनु
प्रमुख प्रशासकीय अधिकृत

# चीन र इरानमा 'धार्मिक स्वतन्त्रता'को अधिक उल्लङ्घन

**वासिङ्टन**
**एएनआई**



धार्मिक स्वतन्त्रता सम्बन्धी एक अमेरिकी प्रतिवेदनमा चीन र इरानमा धार्मिक स्वतन्त्रताको अधिक उल्लङ्घन भएको आरोप लगाइएको छ।
अमेरिकी विदेश मन्त्रालयले जारी गरेको विश्वका सबै देशको गत वर्षको धार्मिक स्वतन्त्रता सम्बन्धी वार्षिक प्रतिवेदनमा चीन र इरानले आफ्ना नागरिकलाई धार्मिक स्वतन्त्रता पूर्ण रुपमा उपभोग गर्न नदिएकोमा चिन्ता व्यक्त गरिएको छ।
प्रतिवेदन सार्वजनिक गर्दै विदेशमन्त्री एन्टोनी ब्लिन्केनले संसारका धैरै देश दमनमा उत्रिएका तथा उनीहरूले आफ्ना नागरिकलाई त्रसित तुल्याएका, विश्वका धैरै भागका सरकारले यातना, कुटपिट, गैरकानुनी निगरानी, तथाकथित पुनःशिक्षा शिविर लगायत उपाय गरेर अल्पसङ्ख्यक लक्षित दमनलाई जारी राखेका बताएका छन्।
चीनको सिनजियाङ प्रान्तमा अल्पसङ्ख्यक मुस्लिम उइघुरमाथि दुर्व्यवहार गरिएको, धार्मिक आस्था विरुद्ध अभियान चलाइएको, उनीहरूको मानव अधिकारको सम्मान एवं संरक्षण नभएको, सबै धार्मिक गतिविधिलाई चिनियाँ कम्युनिष्ट पार्टीको नियन्त्रणमा ल्याउने प्रयास गरिएको तथा त्यस क्रममा दश हजार भन्दा बढिलाई जेल हालेको आरोप प्रतिवेदनमा लगाइएको छ। यसअघि पनि अमेरिकाले उइघुर मुद्दालाई लिएर चीनको कटु आलोचना गरेको थियो। धार्मिक स्वतन्त्रता सम्बन्धी सन् २०२२ को वार्षिक प्रतिवेदनमा उइघुरमाथिको उत्पीडन जारी रहेको, तिब्बती बुद्ध धर्मको अभ्यास गर्नेमाथि सरकार असहिष्णु भएको, तिब्बतका केही भिक्षु-भिक्षुणीलाई दुर्व्यवहार गरिएको, केहीलाई लामो समयसम्म हिरासतमा राखिएको आरोप पनि लगाइएको छ।
अमेरिकी विदेश मन्त्रालयको उक्त प्रतिवेदनको खण्डन गर्दै चीनले सिनजियाङमा आतङ्कवाद विरोधी गतिविधि रोक्ने प्रयास भएको बताएको छ।
महिलाले अनिवार्य रुपमा शिर ढाक्नै पर्ने लगायत कठोर कानुनी व्यवस्थाले इरानीहरूको धार्मिक स्वतन्त्रता हनन् भएको उल्लेख गर्दै प्रतिवेदनमा हिजाब नलाएकी एक किशोरीको धार्मिक प्रहरी हिरासतमा मृत्यु भएपछि भड्किएको विरोध प्रदर्शनले उग्र रुप लिएको विषय समेत समेटिएको छ।
उपयुक्त ढङ्गले शिर नछोपेकी मासा अमिनीको मृत्युलाई 'हत्या' भन्दै जारी शान्तिपूर्ण विरोध प्रदर्शनमा राज्यले गरेको दमन, मानव अधिकार उल्लङ्घन, युक्रेन युद्ध र त्यसको छायामा भएका व्यक्तिका धार्मिक स्वतन्त्रता उल्लङ्घन, बेल्जियमदेखि ब्राजिलसम्मका मानव अधिकार हनन् तथा धार्मिक स्वतन्त्रता विरुद्धका घटना प्रतिवेदनमा समावेश गरिएका छन्।

# मोचा आँधीमा परी एकासी जनाको मृत्यु



**नेपिट**
**एएनआई**
म्यान्मामा मोचा आँधीमा परेर ८१ जनाको मृत्यु भएको छ। अल्पसङ्ख्यक रोहिङ्गिया मुसलमानको बसोबास स्थल राखिन राज्यको बुमा र समीपको खाउङ डोके कार गाउँमा कम्तिमा ४६ जनाले ज्यान गुमाएका सरकारी अधिकारीहरूले बताएका छन्। राखिनको राजधानी सित्तवेको उत्तरमा अवस्थित राथेदाउङ गाउँको मठ भत्किँदा १३ जनाले ज्यान गुमाएका तथा सोही गाउँको छिमेकमा भवन भत्किँदा एक महिलाको मृत्यु भएको सरकारी टेलिभिजन एमआरटिभीले जनाएको छ। आँधीका कारण एक सयभन्दा बढि हराई रहेकाले ज्यान गुमाउनेको संख्या अझै बढ्ने बुमा गाउँका प्रमुख कार्लोले बताए। सिट्वे नजिक विस्थापित रोहिङ्गिया शरणार्थी शिविरमा नौ जनाको मत्यु भएको तथा ओन ताव छे गाउँमा एक जना र ओव गीमा छ जनाले ज्यान गुमाएका स्थानीय अधिकारीलाई उद्धृत गर्दै एमआरटिभीले जनाएको छ।

# सुडानीलाई सहयोग गर्न तीन अर्ब डलर आवश्यक



**जेनेभा**
**एएफपी**
द्वन्द्वग्रस्त सुडानमा मानवीय सहायताका कार्यक्रम सञ्चालन गर्न तीन अर्ब अमेरिकी डलर भन्दा बढि रकम आवश्यक भएको संयुक्त राष्ट्र संघले बताएको छ। युद्धका कारण पलायन भएका झण्डै १० लाख शरणार्थीको भरण पोषणका निम्ति अतिरिक्त रकम आवश्यक भएको भन्दै राष्ट्र संघले तत्काल सहायता उपलब्ध गराउन तीन अर्ब ३० करोड डलर चाहिएको जनाएको छ।
गत अप्रिल १५ मा सुडानमा रक्तपातपूर्ण द्वन्द्व शुरु भएपछि सहायताको अपेक्षा गर्नेको सङ्ख्या ह्वात्तै बढेको जनाउँदै राष्ट्र संघले आफ्नो सुडान सहायता योजनामा परिमार्जन गरिएको बताएको छ। जेनेभा स्थित राष्ट्र संघीय मानवीय सहायता निकायका प्रमुख रमेश राजा सिंघमले सुडानमा दुई करोड ५० लाख जनसंख्यालाई मानवीय सहायता र संरक्षणको आवश्यकता भएको बताएका छन्।
सेना प्रमुख अब्देल फताह अल बुर्हान र उनका पूर्व सहयोगी मोहम्मद हमदान डग्लोले नेतृत्व गरेको अर्ध सैनिक र्‍यापिड सपोर्ट फोर्स ( आरएसएफ) बीच युद्ध चर्केपछि सुडानमा गम्भिर मानवीय संकट भएको छ। चिकित्सकहरूका अनुसार करिब एक हजार मानिसले ज्यान गुमाएका छन् भने पाँच हजार भन्दा बढि घाइते भएका छन्। राजधानी खार्तुम र आसपासका क्षेत्रका साथै पश्चिम डार्फरमा अधिक हताहति भएको छ।

# पूर्व राष्ट्रपतिलाई तीन वर्ष जेल सजाय



**पेरिस**
**एएफपी**
भ्रष्टाचारमा दोषी ठहरिएका फ्रान्सका पूर्व राष्ट्रपति निकोलस सार्कोजीलाई तीन वर्षको जेल सजाय सुनाइएको छ। फ्रान्सको एक पुनरावेदन अदालतले तल्लो अदालतले गरेको निर्णयलाई सदर गर्दै सार्कोजीलाई काराबासको सजाय सुनाएको हो। हतकडी सहित उनलाई अब एक वर्ष निजकै घरमा राखिनेछ भने सार्वजनिक पदमा तीन वर्षसम्म प्रतिबन्ध लगाइएको छ।
पूर्व राष्ट्रपति सार्कोजीले आफू विरुद्धको मुद्दालाई आफ्नो पक्षमा पार्न न्यायाधीश तथा आफूमाथि लागेको भ्रष्टाचार अभियोगलाई कमजोर पार्न दबाब र प्रभावको हतियार प्रयोग गरेका थिए। पुनरावेदन अदालतको आदेश सुनेर बिना कुनै टिप्पणी ६८ वर्षीय सार्कोजी न्यायालयबाट बाहिरिएका थिए। उनका वकिलहरूले पुनरावेदन अदालतको निर्णय विरुद्ध सर्वोच्च अदालतमा अपिल गरिने बताएका छन्।
सन् २००७ देखि २०१२ सम्म राष्ट्रपति रहेका सार्कोजी पदबाट बाहिरिने बित्तिकै कानुनी झमेलामा फसेका थिए। मार्च २०२१ मा उनी र उनका वकिल थियरी हर्जोगले भ्रष्टाचार लगायत कानुनी अनुसन्धानबारे जानकारी प्राप्त गर्न न्यायाधीश गिल्बर्ट अजिबर्टसँग सम्झौताको प्रयास गरेपछि उनको भ्रष्ट नियत छताछुल्ल भएको थियो। दोस्रो विश्वयुद्ध पछि जेल सजाय भोग्ने उनी पहिलो पूर्व राष्ट्रपति भएका छन्।

# पटाका कारखाना विष्फोटमा नौ जनाको मृत्यु



**पश्चिम/बङ्गाल**
**एएनआई**
पश्चिम बङ्गालको पश्चिम मेदिनीपुर जिल्ला स्थित एक पटाका कारखानामा विष्फोट हुँदा नौ जनाको मृत्यु भएको छ भने अन्य कैयौं घाइते भएका छन्। हालसम्म नौ जनाको शव भेटिएको तथा गम्भिर घाइते भएका दुई जनालाई कोलाकाता अस्ताल पठाइएको पूर्वी मेदिनीपुर प्रहरी कार्यालयका प्रमुख अमरान केले बताएका छन्।
पश्चिम बङ्गाल सरकारको निर्देशनमा अपराध अनुसन्धान विभागले घटनाबारे अनुसन्धान थालेको छ। राजधानी कोलकाताबाट अनुसन्धान टोली घटनास्थल पुगेको छ। सरकारी नीति- नियम विपरित कारखाना सञ्चालन गरेको अभियोगमा कारखानाका मालिकलाई पक्राउ गर्ने प्रयास भइरहेको छ। यसअघि पनि निज विरुद्ध केही मुद्दा परेका थिए। घटनाप्रति दुःख व्यक्त गर्दै मुख्यमन्त्री ममता बनर्जीले मृतकका परिवारलाई जनही रु दुई लाख ५० हजार र घाइतेलाई रु एक लाख क्षतिपूर्ति स्वरुप प्रदान गरिने घोषणा गरेका छन्।

# अमेरिकी प्रतिवेदनले नेपालबारे उठाएका पाँच प्रसङ्ग

**बिबिसी**
**न्युयोर्क।**
संयुक्त राज्य अमेरिकाको धार्मिक स्वतन्त्रतासम्बन्धी प्रतिवेदनले नेपालमा धर्म परिवर्तनसम्बन्धी व्यवस्था 'स्वेच्छाचारी रूपमा प्रयोग हुन सक्ने' भन्दै चिन्ता व्यक्त गरेको छ। सन् २०२२ को उक्त वार्षिक प्रतिवेदनले धर्मान्तरण र धर्म परिवर्तनसम्बन्धी नेपालमा भएका व्यवस्थाहरूले धार्मिक र अभिव्यक्ति स्वतन्त्रता सङ्कुचित पार्न सक्ने भन्दै धार्मिक कसुर खेपेका आफ्ना नागरिकलाई निष्पक्ष र सुरक्षित व्यवहार सुनिश्चित गर्न काठमाण्डूस्थित अमेरिकी दूतावासका अधिकारीहरूले काम गरेको जनाएको छ। उनीहरूले निरन्तर सरकारी अधिकारीहरूलाई नेपालको संविधान र अन्तर्राष्ट्रिय दायित्वअनुसार कानुन ल्याउन जोड दिएको उक्त प्रतिवेदनमा उल्लेख छ।
नेपाल सरकारका एक प्रवक्ताले सरकार जबरजस्ती धर्म परिवर्तनको विपक्षमा रहेको तथा धार्मिक स्वतन्त्रता प्रति प्रतिबद्ध रहेको बताएका छन्। उक्त प्रतिवेदनमा समेटिएका पाँच मुख्य प्रसङ्गबारे यहाँ चर्चा गरएको छ।

चुनावमा हिन्दूवादी राजनीति

अमेरिकी विदेश मन्त्रालयको उक्त प्रतिवेदनले गत नोभेम्बर महिनामा भएको निर्वाचनमा प्रमुख दलहरूले हिन्दू धर्मसम्बन्धी विषयलाई राजनीतिक घोषणापत्रमा नराखेको र चुनावी अभियानमा देशलाई पुनः हिन्दू राष्ट्रमा बनाउने कुरा नगरेको उल्लेख गरेको छ। तर राष्ट्रिय प्रजातन्त्र पार्टीले सबै धार्मिक आस्था भएका व्यक्तिहरूका लागि धार्मिक स्वतन्त्रतासहितको सनातन धर्मको घोषणापत्रमा चर्चा गरेको प्रतिवेदनमा जनाइएको छ। प्रतिवेदनमा नागरिक समाजका कतिपय स्रोतहरूलाई उद्धृत गर्दै कतिपय राप्रपाका नेताहरूले राजनीतिक समर्थन प्राप्त गर्न इसाईविरोधी भावनाको प्रयोग गरेको भनिएको छ।
राप्रपाका प्रवक्ता मोहन श्रेष्ठले नेपाल धर्म निरपेक्ष राष्ट्र घोषणा भएपछि तीनवटा चुनावमा आफ्नो दलले भाग लिइसकेको उल्लेख गर्दै कुनै पनि विदेशीको साथ, सहयोग र प्रायोजन नलिइएको बताए। उनले भने, 'हिन्दूत्व शताब्दियौँदेखि नेपालको पहिचान हो। जनताको मनमस्तिष्कमा जोडिएकाले हिन्दू राष्ट्रका लागि कुनै पनि विदेशीको साथ, सहयोग र प्रायोजन आवश्यक छैन।' 'राप्रपाले प्रत्यक्ष, अप्रत्यक्ष रूपमा कुनै पनि सहयोग लिएको छैन। बरु हिन्दुत्वलाई सङ्कटमा पार्न विदेशीहरूले नेपालमा अर्बौं रुपैयाँ खर्च गरेको हाम्रो दाबी छ।'
नागरिक समाजलाई उद्धृत गर्दै उक्त प्रतिवेदनमा भारतको सत्तारूढ दल भारतीय जनता पार्टी बीजेपी र अन्य समूहहरूले नेपालका नेताहरूलाई 'हिन्दू राज्यमा फर्किने' विषयमा समर्थन गर्न दबाव दिइरहेको जनाइएको छ।
'नागरिक समाजका अगुवाले भारतको बीजेपीसँग आबद्ध दक्षिणपन्थी धार्मिक समूहका रूपमा आफूहरूले चित्रण गर्ने गरेका संस्थाहरूले सबै दलमा आबद्ध प्रभावशाली नेताहरूलाई हिन्दू राज्यको पक्षमा वकालत गर्न पैसा दिने गरेको बताएका छन्,' प्रतिवेदनमा उल्लेख छ।
'गैरसरकारी संस्था र इसाई नेताहरूका अनुसार सानो संख्याको हिन्दू राष्ट्रवादी समर्थक समूहले सामाजिक सञ्जालहरूमा इसाईविरोधी वातावरण बनाउने प्रयास गरेको र माथिल्लो वर्गका हिन्दूहरूलाई जातका आधारमा हुने विभेदलाई स्थानीय राजनीतिक च्यालीहरूमा लागु गराउन प्रोत्साहन गर्छन्।' पछिल्लो समयमा बीजेपीले नेपालको सत्तारूढ र विपक्षी दलहरूसँग अन्तरक्रिया बढाएको छ।
उत्तर प्रदेशको मुख्यमन्त्री बन्नुअघि योगी आदित्यनाथ नेपाल हिन्दू राष्ट्र बन्नुपर्ने पक्षमा बोल्थे। तर नेपालसँग सीमा जोडिएको उक्त भारतीय राज्यको शासनमा पुगेपछी उनले सार्वजनिक रूपमा त्यसबारे सार्वजनिक अभिव्यक्ति दिएका छैनन्। तर केही महिनायता भारतको राष्ट्रिय स्वयंसेवक सङ्घ लगायतका सङ्घसंस्थाको गतिविधि नेपालमा बढेको अनि संविधानसभाबाट संविधान लेख्ने क्रममा दिल्लीले हिन्दू राष्ट्रको विषयमा चासो राखेको नेताहरूले बताउने गरेका छन्।
उक्त प्रतिवेदनले गएको वर्ष जुन ९ मा प्रतिनिधिसभाको बैठकमा सांसद भीम रावलले सार्वजनिक रूपमा नै जीससलाई ईश्वरको सङ्केतका रूपमा प्रस्तुत गरिएको पाठ्यपुस्तकको आलोचना गरेको उल्लेख गरिएको छ। रावलले पश्चिमा समुदायले इसाई धर्म फैलाइरहेको र पश्चिमा प्रभावले प्राचीन हिन्दू धर्म र संस्कृतिमाथि धावा बोलेको धारणा राखेको प्रतिवेदनले जनाएको छ।
त्यसको एक दिनपछि नै उक्त पुस्तक प्रकाशकले माफी माग्दै वितरण तत्कालै रोक्ने र भविष्यमा त्यस्तो तस्बिर प्रयोग नगर्ने प्रतिबद्धता जनाएको प्रसङ्ग प्रतिवेदनमा समेटिएको छ। नेपालको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई उद्धृत गर्दै प्रतिवेदनमा जनाइएअनुसार सन् २०२१ बाट झन्डै आधा घटेर दर्ता भएका बौद्ध धर्म अध्यापन गराइने गुम्बाको संख्या ६१ कायम भएको छ। हिन्दू धर्मसम्बन्धी शैक्षिक गतिविधि हुने गुरुकुलको संख्या पनि घटेको छ भने इस्लाम धर्मसम्बन्धी शिक्षा प्रदान गरिने मदरसाको संख्या १०० ले बढेको प्रतिवेदनमा उल्लेख छ।
इन्टरन्याशनल फ्रीडम अफ रिलिजन एन्ड बिलीफ नामक यूकेको अनौपचारिक सर्वदलीय संसदीय समूहले गत फेब्रुअरीमा तयार पारेको भनिएको एउटा प्रतिवेदनको चर्चा अमेरिकाले गरेको छ। अमेरिकी प्रतिवेदनका अनुसार ब्रिटिश प्रतिवेदनले नेपालमा धार्मिक स्वतन्त्रता जोखिममा रहेको ठहर गरेको छ।
धार्मिक तथा जातीय अल्पसङ्ख्यकहरूको स्वतन्त्रता दबाउन प्रयोग गरिएका कानुनहरूको पहिचान गरेको उल्लेख गर्दै यूकेको सो प्रतिवेदनले संविधानमा 'धर्म निरपेक्ष' र 'समावेशी' घोषणा गरिए पनि मानिसको धर्म र आस्थाका आधारमा फौजदारी कानुनहरू व्यापक रूपमा प्रयोग गरिएको दाबी गरिएको छ। त्यसमा ब्रिटिश सांसद तथा उक्त संसदीय समूहका प्रमुख जिम श्याननलाई उद्धृत गर्दै उनले चिन्ता बढ्दै गएकाले थप ध्यान दिइनुपर्ने तर्क गरेको पनि जनाइएको छ।
यूकेको उक्त संसदीय समूहले धर्म परिवर्तनलाई नभई 'जबरजस्ती गरिने धर्म परिवर्तन' लाई मात्रै गैरकानुनी घोषणा गर्नेगरी कानुन बदल्न सुझाव दिएको प्रसङ्ग प्रतिवेदनमा छ। त्यसबाहेक प्रतिवेदनमा धर्म प्रचारकको आरोपसहित पक्राउ परेका दुई जनालाई पोखरा उच्च अदालतले रिहा गरिदिएको जनाइएको छ।
विभिन्न धार्मिक समुदायका नेता र नागरिक समाजका अगुवाहरूसँग जबरजस्ती धर्म परिवर्तन, विभेद, सामाजिक सञ्जालमा हुने आक्रमण, हिन्दू राष्ट्रवादी समूहका उत्तेजक अभिव्यक्ति र समाधिस्थलसम्मको पहुँचका बारेमा दूतावासका अधिकारीहरूले छलफल गरेको भनिएको छ।
प्रतिवेदनमा सन् २०२२ मा तिब्बती बौद्धमार्गी समुदायका नेताहरूले कतिपय धार्मिक र सांस्कृतिक बिदा प्रहरी हस्तक्षेपबिना मनाउन पाएको उल्लेख गरिएको छ। नेपाल सरकारले तिब्बती समुदायलाई ल्होसार, दलाई लामाको जन्मदिन र अरू गैरराजनीतिक प्रकारका धार्मिक समारोहहरू सीमित संख्यामा शरणार्थी शिविर परिसरमा मनाउन दिइएको जनाइएको छ।
तिब्बती धार्मिक नेता दलाई लामाको तस्बिर राखेर कार्यक्रम गर्न बन्देज नलगाइएको भन्दै प्रतिवेदनमा अमेरिकी अधिकारीहरूले तिब्बती समुदायमाथिका बन्देजहरूबारे नेपाल सरकारका प्रतिनिधिहरूसँग छलफल गरेको उल्लेख गरिएको छ।
पोहोर तिब्बती शरणार्थी मामिलासम्बन्धी अमेरिकी संयोजक अज्रा जियाले नेपालस्थित तिब्बती शरणार्थी शिविरको भ्रमण गरेकी थिइन्। गत डिसेम्बरमा अमेरिकी राजदूतावासका एक वरिष्ठ अधिकारीले सन् १९८९ मा दलाई लामाले नोबेल शान्ति पुरस्कार प्राप्त गरेको सम्झनामा आयोजित कार्यक्रममा भाग लिएको जनाइएको छ।
मानवीय आधारमा तिब्बती शरणार्थीहरूलाई आश्रय दिएको नेपालले 'एक चीन नीति' मा प्रतिबद्धता जनाएको छ। विगतमा तिब्बती शरणार्थीले गरेका प्रदर्शन र ती शरणार्थीको पक्षमा अमेरिकाले गर्ने गरेका पैरवीका कारण काठमाण्डूले बेइजिङबाट दबावको सामना गर्नुपरेको कतिपय विश्लेषकहरू बताउँछन्।
नेपाली अधिकारीहरू संविधानले धर्म निरपेक्षता सुनिश्चित गरेको भन्दै धार्मिक आधारमा कुनै पनि विभेद स्वीकार्य नहुने बताउँछन्। गृह मन्त्रालयका प्रवक्ता जितेन्द्र बस्नेतले बीबीसीसँग भने, "जबरजस्ती धर्म परिवर्तन गराउन पाइँदैन भनेर कानुनले भनेको छ। धर्म निरपेक्षता संविधानमा रहेको र त्यहीअनुसार हामीले व्यवस्था गरिसकेपछि छुट्टै कुरा हुने भएन। तर कसैले कसैलाई जबरजस्ती गर्न पाइँदैन।'केही समयपहिले बीबीसीले गरेको एउटा खोजमा पनि नेपालमा दक्षिण कोरियाली धर्म प्रचारकहरूले व्यापक रूपमा इसाई धर्मान्तरण गराएको पाइएको थियो।
गृह मन्त्रालयका प्रवक्ता बस्नेतले धार्मिक स्वतन्त्रता सङ्कुचित भएका कुनै पनि उजुरी गृह प्रशासनलाई लिखित रूपमा नआएको उल्लेख गरे। तर गएको रामनवमीको समयमा जनकपुरमा धार्मिक सद्भावमा चुनौती उत्पन्न हुने हिसाबले भएका गतिविधिप्रति प्रशासन सतर्क रहेको उनको भनाइ छ।
'हामी हाम्रो धार्मिक सहिष्णुता र परम्परा बिथोलिने खालको गतिविधि नहोस् र पहिलेदेखि मिलेर बसिरहेको कुरामा आँच आउने खालको काम नहोस् भन्ने कुरामा सचेत छौँ। धार्मिक वैमनस्यता फैलाउने खालका गतिविधि नहून् भनेर हामीले स्थानीय प्रशासनहरूलाई निर्देशन पनि गरिरहेका छौँ।'
प्रत्येक वर्ष अमेरिकी विदेश मन्त्रालयले तयार पार्ने उक्त प्रतिवेदन कङ्ग्रेसमा प्रस्तुत गर्नका लागि अमेरिकाको अन्तर्राष्ट्रिय धार्मिक स्वतन्त्रता ऐन १९९८ अनुसार तयार गरिएको हुन्छ।
गत वर्षजस्तै भारतले यस वर्षको प्रतिवेदनलाई पक्षपातपूर्ण भन्दै खण्डन गरेको छ। प्रतिवेदनमा धार्मिक अल्पसंख्यकहरूलाई आक्रमण गरिएको भन्दै भारत सरकारको आलोचना गरिएको छ। प्रतिवेदन सार्वजनिक गर्ने कार्यक्रममा विदेशमन्त्री एन्टोनी ब्लिङ्कनले चीन, इरान, म्यान्मार र निकारागुवाको मात्रै नाम लिएका थिए।

# आईपीएलमा अझै चल्दै छ ४१ वर्षे धोनीको जादु

**बिबिसी**
**भारत।**
अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यास लिएको चार वर्षपश्चात् महेन्द्रसिंह धोनी अहिले जारी इन्डियन प्रिमिअर लीग (आईपीएल) क्रिकेट प्रतियोगितामा चेन्नई सुपर किङ्स टोलीबाट खेलिरहेका छन्। आईपीएलमा धोनीले 'लोअर अर्डर' ब्याट्सम्यानका रूपमा आफ्नो कौशल देखाइरहेका छन्।
यी ४१ वर्षीय महान् क्रिकेटरको पुनरुदयबारे खेल पत्रकार सुरेश मेननले विस्तृत चर्चा गरेका छन्। यो सीजनको आईपीएल सकिँदा यसलाई एउटा विशिष्ट नाम दिनु उचित नै हुन्छ। यो प्रतियोगिता र यसमा रमाउने खेलप्रेमीहरूका निम्ति त्यसको प्रतीक भनेको धोनी नै हुन्। उनी आईपीएलका सदाबहार स्टार हुन्। त्यसैले 'एमएस धोनी ट्रफी' भन्ने नाम राम्रो सुनिन्छ।

टोलीका प्रतीक

सन् २००८ मा आईपीएल सुरु गर्दा धोनी सबभन्दा महँगा खेलाडी थिए। पन्ध्र वर्षपश्चात् उनी चेन्नई सुपर किङ्स ( सीएसके)का सबभन्दा मूल्यवान् खेलाडी बनेका छन्। चेन्नई सहर फिल्मस्टार तथा राजनीतिज्ञहरूको निकै प्रभाव भएको सहर हो जहाँ तिनलाई दशौं लाखले पुज्छन्। त्यहाँ समेत आईपीएल प्रतियोगिता हुने केही साताका निम्ति धोनी सबभन्दा अलग देखिन्छन्। सीएसके टोली र तिनका समर्थकबीच विशेष सम्बन्ध छ अनि सीएसके भनेकै कप्तान धोनी भन्ने बुझिन्छ।
उनीसँग अझै पनि छक्का प्रहार गर्ने गजबको कला छ र उनले दुर्लभ नेतृत्व प्रदर्शन गरिरहन्छन्। यी अग्ला विकेटकिपर तथा कप्तान मैदानमा रहँदासम्म कुनै म्याच पनि हारियो वा सिद्धियो भन्न सकिँदैन।
आईपीएलका मौलिक कप्तान चार वर्षअगाडि धोनीले अन्तर्राष्ट्रिय क्रिकेट खेलहरूबाट सन्न्यास लिए। त्यसपछिका प्रत्येक वर्षमा अब उनले सबै किसिमका क्रिकेट खेलबाट सन्न्यास कहिले लेलान् भन्ने प्रश्नले आलोचक तथा प्रशंसक सबैको मन खाएको छ। तर धोनी स्वयंको मन भने अरू नै विषयमा व्यस्त देखिन्छ - फेरि एक पटक (पाँचौं पटक) सीएसकेलाई आईपीएल उपाधि दिलाएर मुम्बई इन्डियन्स टोलीको कीर्तिमानसँग बराबरी गर्ने। धोनी आईपीएलका मौलिक कप्तान हुन् जुन प्रतियोगिताबाट युवा र आत्मविश्वास नभइसकेका खेलाडीहरूले काफी सहयोग पाउने अपेक्षा गर्छन्। जुलाईमा उनी ४२ वर्षको हुँदै छन्। उनीबाट प्रेरणा पाउने युवा खेलाडीहरूलाई उनले गर्न सहयोगले मात्र पनि उनी अझै टोलीको कप्तान बनिरहन सक्ने देखिन्छ।
भारतको कप्तान हुँदा एक पटक धोनीले 'आवश्यक पर्दा आफूतर्फ आइरहेको ट्रकपट्टि हाम फाल्नसम्म तयार हुने सदस्यहरू भएको टोली' आफ्नो उद्देश्य भएको बताएका थिए। सीएसकेमा उनले त्यस्तै टोली भेट्टाएका छन्।
तर यसपालि भने धोनीले तल्लो पङ्क्ति वा आठौँ नम्बरमा ब्याटिङ गर्ने गरेकोप्रति धैरै टिप्पणी भएका छन्। उनको घुँडामा चोट छ र त्यसैले उनले आफ्ना खेलाडीहरूलाई भनेका छन्, 'मलाई धैरै दौडिनुपर्ने नगराऊ।' उनकै वर्णनमा उनको अहिलेको काम भनेको 'अन्तिम अवस्थाहरूमा ब्याट गर्ने र सकेसम्म धैरै रन बटुल्ने' हो।

ब्याटिङमा रमाउँछन्

अनि यो काम उनले खुब मजाले गरिरहेका छन्। आईपीएलमा उनको स्ट्राइक रेट २०४ छ जुन भनेको प्रत्येक बलमा औसतमा दुईभन्दा धैरै रन उनले बटुलेका छन्। यसपालि उनले केवल ४७ बलको सामना गरेका छन् जसमध्ये हरेक ४.७ बलमा एक छक्का सहित ९६ रन बटुलेका छन्।
आठौँ नम्बरमा ब्याटिङ गर्दै उनले दिल्ली क्यापिटल्सविरुद्ध नौ बलमा २० रन बनाए र उनको टोलीले त्यो खेल २७ रनले जित्यो। सीएसकेको घरेलु मैदानमा भएको सुरुको खेलमै यसपालि उनले सामना गरेका पहिलो दुई बलमा बलर मार्क वुडलाई लगातार दुई छक्का हानेका थिए। छ नम्बरमा ब्याटिङ गर्दै उनले पञ्जाब किङ्गसविरुद्ध चार बलमा दुई छक्कासहित १३ रन बनाएका थिए।

ब्याटिङको बदलिँदो शैली

आठ नम्बरको कुनै पनि ब्याट्सम्यानलाई मैदान प्रवेश गर्दा व्यग्रतापूर्व प्रतीक्षा गरिएको मैले यसअघि देखेको थिइनँ। उनको टोलीका सहकर्मी रवीन्द्र जडेजाले उनी सात नम्बरमा ब्याटिङ गर्न जान उत्सुक नहुने गरेको बताएका छन् किनभने दर्शकहरू चाँडै नै उक्त विकेट जाओस् भने जसरी "धोनी, धोनी" को नारा लगाइरहेका हुन्छन्। धोनीको यो शैली खासगरी दुई किसिमका खेलाडीहरूका निम्ति सन्देशमूलक हुनसक्छः ती जो नम्बर तीन भन्दा मुनि ब्याटिङ गर्छन् अनि ती जो यताउता नहेरीकन केवल छक्का प्रहार गर्न केन्द्रित हुन्छन्।
बढ्दो उमेरका ब्याटरहरूका निम्ति उनको सन्देश होः टी-ट्वेन्टी क्रिकेटमा आफूलाई उपयोगी सिद्ध गर्न छक्का नै हान्नुपर्छ, पर्खिएर काम छैन। रेड बल क्रिकेट अर्थात् टेस्ट क्रिकेटहरूमा यसको विपरीत शैली अपनाइन्छ।

# निमित्त प्रशासकीय अधिकृतविरुद्ध मुद्दा



**मधेशदृष्टि**
**वीरगंज।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सडक ग्राभेलको योजनामा भ्रष्टाचार गरेको आरोपमा बाराको सिम्रौनगढ नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत हरिओमप्रसाद जैसवालसहितका कर्मचारीपविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ । सिम्रौनगढ नगरपालिका-९, बसबरियादेखि अमरपुर जाने बाटोमा माटो पुरेर ग्राभेल गर्ने काममा उपभोक्ता समितिसँगको सम्झौता शर्तविपरीत नभएको काम भएको भनेर झुटा बिल भरपाईका आधारमा १० लाख ८ हजार ९ सय ६५ रुपैयाँ भुक्तानी गरेको अख्तियारको दाबी छ।

मुद्दामा तत्कालिन निमित्त प्रमुख प्रशासकीय अधिकृत जयसवालसँगै लेखा अधिकृत सर्मेन्द्रप्रसाद चौधरी, इन्जिनियर अजित कुमार गुप्ता, असिस्टेन्ट सब इन्जिनियर दिनेश कुमारविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको अख्तियारको भनाइ छ । अख्तियारले उनीहरुसँग १० लाख ८ हजार ९ सय ६५ रुपैयाँ बिगो माग गरेको छ । त्यस्तै, अख्तियारले तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्रप्रसाद कानु, उपभोक्ता समितिका अध्यक्ष दिनेशप्रसाद यादव, सचिव वैद्यनाथ प्रसाद यादव र कोषाध्यक्ष गीताकुमारी यादवविरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर गरेको छ।

# महानगरलाई विशेष प्याकेज माग

## वीरगंजलाई मधेश प्रदेशकै सम्मुन्नत र समृद्ध शहर बनाउने हो भने त्यसका लागि प्रदेश सरकारले वीरगंजमा आवश्यक पूर्वाधार निर्माणमा विशेष जोडदिनुपर्ने

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले मधेश प्रदेशकै एकमात्र महानगर वीरगंज महानगरपालिकाका लागि विशेष प्याकेज सहितको व्यवस्था गर्न प्रदेश सरकारसंग माग गरेका छन् ।

मधेश प्रदेश सरकारको अर्थ मन्त्रालयले बुधबार बर्दिवासमा आयोजना गरेको आगामी आर्थिक वर्षको पूर्व बजेटसम्बन्धी छलफल कार्यक्रममा सहभागी मेयर सिंहले यस्तो माग गरेका हुन् । कार्यक्रममा बोल्दै मेयर सिंहले वीरगंज मधेश प्रदेशकै एकमात्र महानगर भएकाले नयाँ नीति तथा कार्यक्रममा वीरगंज महानगरका लागि विशेष प्याकेजको व्यवस्था गर्न अनुरोध गरे । प्रदेश सरकारको नीति तथा कार्यक्रम बनाउनु पूर्व प्रदेश सरकारका अर्थमन्त्री, योजना आयोगका उपाध्यक्षका साथै सम्बद्ध मन्त्रालयका सचिवसहितका टोलीलाई वीरगंजमै आएर स्थलगत भ्रमण र अवलोकन गरिदिनका लागि मेयर सिंहले निम्तो पनि दिए । संघीय सरकारबाट देशका ६ वटा महानगरमध्ये सबै भन्दा कम बजेट वीरगंज महानगरले पाइरहेको प्रसंग सुनाउदै मेयर सिंहले वीरगंज मधेशकै एकमात्र महानगर हो, त्यसका कारण प्रदेश सरकारले अपनत्व लिएर वीरगंजका लागि विशेष प्याकेजसहितको बजेट विनियोजन गर्नुपर्छ भने । यदि वीरगंजलाई मधेश प्रदेशकै सम्मुन्नत र समृद्ध शहर बनाउने हो भने त्यसका लागि प्रदेश सरकारले वीरगंजमा आवश्यक पूर्वाधार निर्माणमा विशेष जोडदिनुपर्ने पनि उनले बताए । कार्यक्रममा मधेश प्रदेश सरकारका अर्थमन्त्री सन्जय यादव, मधेश प्रदेश योजना आयोगाका उपाध्यक्ष नाथु प्रसाद चौधरी, मन्त्रालयका सचिवहरु, प्रदेशसभा सदस्यहरु, पालिकाका प्रमुखहरुका साथै वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी प्रसाद पौडेल, मेयर सिंहका स्वकीय सचिव सत्यराज घिमिरे लगायतको पनि सहभागिता थियो ।



# पालिकामा छैनन् जनप्रतिनिधि र कर्मचारी

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको सखुवाप्रसौनी गाउँपालिकामा जनप्रतिनिधि र कर्मचारी नभेटिदा सेवाग्राहीहरुले सास्ती भोग्दै आएका छन् । काम विषेशले पुगेका सेवाग्राहीहरुले गाउँपालिकाका अध्यक्ष जसवन्त यादव, उपाध्यक्ष सर्मीला विष्ट महतो र प्रमुख प्रसाशकीय अधिकृत देवनाथ साहलगायत लेखा, कृषि, शिक्षा, स्वास्थ्य, सामाजिक शाखाका प्रमुखहरु नभेटिदा सर्वसाधारणले सास्ती भोग्नु बाध्य भएका छन्।

गाउँपालिकाको विकासका लागि बजेट बनाउने समयमा जनप्रतिनिधि तथा कर्मचारी कार्यालयमा नबस्ने र वीरगंजमै कोठा लिएर बजेट बनाउने तथा चालु आर्थिक वर्षको बजेट सिध्याउनका लागि कागज मिलाउने कार्यमा व्यस्त हुँदा सर्वसाधारणलाई सास्ती भएको स्थानीयले आरोप लगाएका छन्।

# मिटरब्याज पीडितहरु संगठित



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजमा पनि मिटरब्याज पीडितहरु संगठित भएका छन् । मिटरब्याजी संघर्ष समिति पर्साको वीरगंजमा सम्पन्न भेलाले सन्तोष पासवानको अध्यक्षतामा ११ सदस्यीय कमिटी गठन गरेको छ । मिटरब्याजी संघर्ष समिति पर्साका मधेश प्रदेशका संयोजक सरस्वती कुमारी मिश्रको उपस्थितिमा सम्पन्न भेलाले गठित समितिको सदस्यमा शान्ति देवी पासवान, जगदीश पटेल, जलेन्द्र राम, प्रभा देवी, अन्नै राम, किस्मती देवी राम, सुशिला देवी तत्वा, हिरालाल राम, गोपाल राउत कुर्मी, नरवानी खातुन रहेका छन् । संघर्ष समितिले वीरगंजमा पनि मिटरब्याजीलाई पक्राउ गरी कारबाही गर्न दबाबमूलक कार्यक्रम गरी सञ्चालन गर्ने निर्णय गरेको संयोजक पासवानले बताए।

# अध्यक्षले नै मिचे ५० लाखको ऐलानी जग्गा

**मधेशदृष्टि**
**बारा।**
बाराको परवानीपुर गाउँपालिकाका अध्यक्ष राम क्षेत्री पटेलले सार्वजनिक जग्गा कब्जा गरेको विषयमा स्थानीय बासिन्दाले उजुरी दर्ता गराएका छन् । गाउँपालिकाको कार्यालय तथा न्यायिक समितिमा उजुरी दिँदा समेत घटनाको छानबिन नभएको गुनासो स्थानीय भिखारी साह कानुले गरे । गाउँपालिकाका अध्यक्ष पटेलले आफ्नो घर रहेको वडा नम्बर ४ मा कित्ता नम्बर ३२ सँग जोडिएको पुरोना सार्वजनिक इनार रहेको ५० लाख मूल्य भन्दा बढीको झण्डै डेढ कठ्ठा ऐलानी जग्गा कब्जा गरी पर्खाल लगाएपछि स्थानीय अध्यक्षको गलत हर्कतको विरुद्ध उत्रिएका छन् । परवानीपुर गाउँपालिका वडा नम्बर ४ निवासी ताहिर हुसैनले बाटोमा पर्ने सार्वजनिक ईनारको जग्गामा अध्यक्षले पर्खाल लगाएर कब्जा गर्दा समेत उनको राजनीतिक पहुचका आधारमा स्थानीय, सर्वसाधारण खुलेर बोल्न नसकेको बताउदै आफूहरुले अध्यक्षको गलत क्रियाकलापविरुद्ध सरकारी सार्वजनिक जग्गा सरकारकै नाममा हुनुपर्ने अडानसहित न्यायका लागि संचारमाध्यममा आएको बताएका छन् । यता गाउँपालिकाका अध्यक्ष राम क्षेत्री पटेलले यो विषय गाउँपालिकाको सरोकारको विषय भएको हुँदा यसमा अरुले चासो राख्नुको कुनै सरोकार नरहेको प्रतिक्रिया दिए ।

# शिवपुराणको कथावाचन सुरु

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजको आदर्शनगर रंगशालामा बुधबारबाट शिव महापुराण कथा तथा डोलेश्वर महादेव शिवपुराणको कथावाचन सुरु भएको छ । वीरगंज महानगरपालिका तथा शिवपुराण कथा आयोजक समितिद्वारा आयोजित ७ दिने शिवमहापुराणको कथा वाचन ख्याती प्राप्त पंण्डित तथा कथा व्यास प्रदिप मिश्राले बुधबार दिउँसो २ बजेबाट प्रारम्भ गरेका छन् । कथा वाचन तथा प्रवचन सुन्नका लागि भारतको उत्तर प्रदेश, झारखण्ड, विहारका विभिन्न स्थानबाट हजारौंको संख्यामा भक्तजनहरु वीरगंज आईपुगेका छन । शिवपुराणका लागि आदर्शनगर रंगशालामा हजारौं भक्तजन अटने गरी भव्य पण्डाल निर्माण गरिएको छ।

भारतबाट आएका भक्तजनहरुलाई वीरगंजका विभिन्न धर्मशालामा बस्ने व्यवस्था मिलाईएको आयोजक समितिका संयोजक सुनिल खेतानले जानकारी दिए । वीरगंजमा आयोजना हुने शिवमहापुराणमा विशेषगरी डोलेश्वर महादेवको उत्पति नेपालको पशुपतिनाथ मन्दिरदेखि १२ किलो मिटर टाढा कसरी भयो भन्ने सम्बन्धमा पण्डित प्रदिप मिश्रले कथा मार्फत जानकारी दिनु हुने कार्यक्रम रहेको आयोजक समितिका सदस्य जय प्रकाश खेतानले जानकारी दिए।

# बिलभन्दा बढीका सामान बरामद



**मधेशदृष्टि**
**वीरगंज।**
पर्सा प्रहरीले भन्सार छली भित्र्याएको लाखौ मूल्य बराबरको मोबिल तथा खुद्रा सामानहरु बरामद गरेको छ। वडा प्रहरी कार्यालय विर्ताबाट खटिएको टोलीले वीरगंज महानगरपालिका वडा नम्बर १६ बोखार चोकस्थित सडकखण्डबाट ना.३ ख ७७४१ नम्बरको मालबाहक ट्रकसहित विभिन्न सामग्री नियन्त्रणमा लिएको हो।

वीरगंजबाट नारायणघाटतर्फ बिलबिजकभन्दा बढी सामान लोड रहेको भन्ने सूचनाको आधारमा खटिएको टोलीले चेकजाँच गर्दा विलबिजक शंकास्पद देखिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी प्रवक्ता एवम प्रहरी नायब उपरीक्षक दिपक गिरीले जानकारी दिए। उनले ६३ लाख मूल्य बराबरको ट्रक र सो ट्रक भित्र लोड रहेको मोबिल, तथा विभिन्न खुद्रा सामग्री नियन्त्रणमा लिई आवश्यक कारबाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाइएको बताए।

यसैगरी प्रहरीले वीरगंज महानगरपालिका वडा नम्बर ४ रेल्वेरोडस्थित सडकखण्डबाट भन्सार छली भित्र्याउदै गरेको हार्डवेयर तथा खुद्रा सामानसहितको कन्टेनर नियन्त्रणमा लिएको छ । वीरगंजबाट सिराहाको लहानतर्फ जाँदै गरेको ना.३ ख ६९९ नम्बरको मालबाहक कन्टेनरले विलबिजकभन्दा बढी सामान बोकेको सूचनाको आधारमा चेकजाँच गरिएको पर्साका प्रहरी नायब उपरीक्षक दिपक गिरीले जानकारी दिए । चेकजाँचका क्रममा विलबिजक शंकास्पद देखिएको हुँदा ५८ लाख मूल्य बराबरको कन्टेनर र हार्डवेयर तथा खुद्रा सामग्री नियन्त्रणमा लिइ राजश्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाइएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवम् डिएसपी गिरीले बताए।

यसैगरी प्रहरीले बिल विजक भन्दा बढी हार्डवेयर, स्टेशनरी खुद्रा तथा लत्ताकपडालगायतका सामानहरू बोकेको ट्रक वीरगंजबाट रौतहटतर्फ गइरहेको भन्ने सूचनाको आधारमा नगवाबाट थप अर्को नियन्त्रणम लिएको छ।

नगवास्थित बाईपास सडकखण्डमा ना ८ ख ३५८४नम्बरको मालबाहक ट्रकलाई रोकी जाँच गर्ने क्रममा नारायणी ट्रासपोर्टबाट पठाईएको ट्रकमा विल बिजक संकास्पद देखिएको हुँदा उक्त ट्रक नियन्त्रणमा लिई चेकजाँच गर्दा ३१, लाख ८९ हजार ९ सय ३६ रुपैयाँ बराबरको हार्डवेयर, स्टेशनरी खुद्रा तथा लत्ताकपडा लगायतका सामानहरू फेला परेसंगै थप अनुसन्धानका लागि बुधबार राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको प्रवक्ता गिरीले बताए।




# मधेश विश्वविद्यालयमा पठनपाठनको तयारी



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजमा स्थापना भएको मधेश विश्वविद्यालयमा पठनपाठन सुरु गराउने तयारी तिव्र गतिमा भइरहेको छ। विश्वविद्यालयमा यसै शैक्षिक सत्रदेखि कानुन र जनप्रशासनको पठनपाठन गराउने तयारी भइरहेको मधेश विश्वविद्यालयका उपकुलपति डा. दीपक शाक्यले बताए। वीरगंजस्थित नेसनल ट्रेडिङ परिसरमा विश्वविद्यालय स्थापना गरिएको छ भने यसको उद्घाटन २०७९ साल भदौ २२ गते भएको थियो। विश्वविद्यालयको उद्घाटन भएको ९ महिना बितिसकेको छ। सो अवधिमा विश्वविद्यालयमा विभिन्न प्रशासनिक तथा भौतिक संरचना बनाउने कार्य भएको उनले बताए। उनले सकेसम्म यसै शैक्षिक सत्रदेखि दुईवटा संकायको पठनपाठन सुरु गराउने तयारीस्वरूप काम अघि बढाइएको बताए। विश्वविद्यालयले पठनपाठनको लागि वीरगंजदेखि पर्साका ग्रामीण पालिकाहरूबाट जग्गा प्राप्त गर्ने प्रक्रिया अघि बढाएको छ। सो क्रममा पर्साको पकहामैनपुर गाउँपालिकाको सुरजाहास्थित कटमिठको २७ बिगाहा जग्गा प्राप्त गरिसकेको उपकुलपति डा. शाक्यले बताए। यस्तै, बहुदरमाई नगरपालिका वडा नम्बर २ मा रहेको ३५ बिगाहा जग्गा, वीरगंज महानगरपालिकामा रहेको १८ बिगाहा ऐलानी जग्गा विश्वविद्यालयले प्राप्त गर्ने प्रक्रियामा छ। विश्वविद्यालय सञ्चालनको लागि विभिन्न नियमहरू बनाउन जरुरी रहेकोले अहिले नियमहरू बनाएको उनले बताए। विश्वविद्यालयको लागि आवश्यक शिक्षक कर्मचारी कार्यविधि २०७९, खर्च कार्यविधि निर्देशिका, २०७९ बनाएर पारित गरिसकिको विश्वविद्यालयका रजिष्ट्रार विजयकुमार यादवले बताए।

# शंकराचार्यको जन्मभूमिमा भव्य प्राण प्रतिष्ठा समारोह



**मधेशदृष्टि**
**जनकपुरधाम।**
भारत स्थित पुरीका शंकराचार्य स्वामी श्री निश्चलानन्द सरस्वतीको जन्मभूमी भारतको मधुबनी जिल्लाको हरिपुर बक्सी टोलमा नवनिर्मित भगवती मनसादेवी मन्दिरमा भव्य प्राण प्रतिष्ठा कार्यक्रमको आयोजना गरिएको छ। प्राणप्रतिष्ठा समारोह साताव्यापीमा रहने छ। जेठ ३ गतेदेखि सुरु भएको जेठ १० मा समापन हुने छ। भने जेठ १० को भारत स्थित पुरीका शंकराचार्य स्वामी निश्चलानन्द सरस्वतीले मनसा मन्दिरमा प्राणप्रतिष्ठा गर्नेछन्। यस अवसरमा कामेश्वर सिंह दरभंगा संस्कृत विश्वविद्यालयका वेद विभागका पूर्व प्रमुख डा.विद्धेश्वर झा यज्ञाचार्यको नेतृत्वमा शतचण्डी यज्ञको आयोजना गरिएको छ भने सतीशचन्द्र झा (सुरत)ले भागवत कथा वाचन गरिरहेका छन्। यस प्राणप्रतिष्ठा समारोहमा सहभागी हुन मधुबनी, दरभंगा जिल्ला तथा नेपालबाट मानिस आउने गरेको छ। जानकी मन्दिरका उत्तराधिकारी महन्त रोशन दास वैष्णव पनि मनसादेवीको प्राणप्रतिष्ठा समारोहमा सहभागी हुनेछन्। पुरीको जगन्नाथ मन्दिरको डिजाइनमा मनसादेवी मन्दिर निर्माण गरिने भएको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन